# एक मार्गदर्शक

परमप्रभुले तपाईलाई आशिष दिनुभएको होस्, भाई नेभिल।

आज राती मण्डलीमा फर्किन पाउँदा धेरै खुसी छु। केवल थोरै सानो फाटेको आवाज छ। यस बिहान एक किसिमले लामो सन्देश भयो, यद्धपि, म निश्चय नै खुसी छु कि यो यहाँ भयो। र म आफैले, यो यहाँ ल्याएर आनन्दित भए, र म आशा गर्छु कि यसलाई सुनेर तपाईले पनि आनन्द लिनुभयो। [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।]

2 अब नबिर्सनुहोस्, सधै यो याद गर्नुहोस्, कि यी नै कुरा हुन् जसले ख्रीष्टको दासलाई निर्माण गर्छ। हेर्नुहोस्, विश्वास पहिला, त्यसपछि सद्गुण। र अब याद गर्नुहोस्, पवित्र आत्माले यी चिजहरु आत्माद्वारा संचालित नभेसम्म परमेश्वरको भवनलाई टोपी लगाउन सक्दैन। चाहे तपाईले जे सुकै गर्नुहोस्, हेर्नुहोस्। ती नै कुराहरु हुन् जसले ख्रीष्टको शरीर निर्माण गर्दछ, हेर्नुहोस्, ती कुराहरु। अब, त्यो नबिर्सनुहोस्, कि यो *यहाँ* पहिलो हो, जुन तपाईको विश्वास हो। ख्रीष्टको पूर्ण कद प्रकट नभएसम्म, सद्गुण, ज्ञान, आदि, यसमा थपिनुपर्छ, त्यसपछि पवित्र आत्मा यसमाथि आउँछ र यसलाई एउटा शरीरको रूपमा मोहोर लगाउदछ। यी कुराहरु हुनुपर्दछ। त्यसैकारणले, येशूले भन्नुभयो, "तिनीहरुको फलद्वारा तिनीहरु चिनिन्छन्।" हेर्नुहोस्, फल! यी कुराहरु तपाई भित्र नफलेसम्म तपाईले फल फलाउन सक्नुहुन्न। र त्यसपछि जब यी सबैले संसारिकताको र—र अधार्मिकताको, र अन्यको ठाउँ लिन्छ, त्यसपछि सबै अविश्वासहरु हटाइन्छ, त्यसपछि संसारका सारा चिजहरु नष्ट हुन्छन्, तब त्यहाँ केहि नभएर ख्रीष्टमा एउटा नयाँ सृष्टि हुन्छ। र त्यसपछि एफिसी ४:३० ले भन्छ, "अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ।" परमेश्वरको राज्यमा छाप लगाईएको! अब, त्यो नबिर्सनुहोस्। अब त्यो दिमागमा राख्नुहोस्, *यी* कुराहरु पहिला लिनुहोस्। त्यसपछि पवित्र आत्माले छाप लगाईन्छ, त्यो टोपी जसले हामीलाई शरीरमा मोहोर लगाउछ। ठिक छ।

3 हामीले एउटा—एउटा अनुरोध पाएका छौ अहिले बहिनी लिटलको लागि, जो सिकागो, उहाँको श्रीमान् एउटा अटोमोबाईल दुर्घटनामा

पर्नुभएको छ र मृत्युको बिन्दुमा सुतिरहनुभएको छ, बहिनी लिटल। र एडिथ राईट, हाम्रो सानी बहिनी यहाँ जसलाई हामीले धेरै लामो समय देखि चिन्छौ, उहाँ एकदम, एकदम खराब अवस्थामा, आफ्नो घरमा हुनुहुन्छ आज राती, र उहाँहरुले यो मण्डलीमा घोषणा गर्न चाहनुहुन्थ्यो ताकी हामी सबैले यो अनुरोधको लागि सँगै प्रार्थना गर्न सकौँ। र अब आउनुहोस् एक क्षणको लागि हाम्रो शिरहरु झुकाऔ।

4 हाम्रो अनमोल, स्वर्गीय पिता, हामीहरु परमेश्वरको सिंहासनमा (विश्वासद्वारा) वरिपरी भेला भईरहेका छौ, र यी अनुरोधहरुको लागि हामी दिव्य कृपाको लागि मागिरहेका छौ। भाई लिटल, एउटा कार दुर्घटनामा, मृत्युको नजिक हुनुहुन्छ। परमेश्वर, उहाँलाई सहायता गर्नुहोस्। पवित्र आत्मा उहाँको ओछ्यानमा होस् र उहाँलाई हामीकहाँ फिर्ता ल्याउनुभएको होस्, प्रभु। र सानो एडिथ राईट तल त्यहाँ, म प्रार्थना गर्छु, परमेश्वर, कि पवित्र आत्मा आज राती उहाँको ओछ्यानको छेउमा हुनुहुनेछ र उहाँलाई फेरी उहाँको स्वास्थ्य पुनः स्थापना गर्नुहुनेछ। यो प्रदान गर्नुहोस्, पिता। तपाईले यी कुराहरु प्रतिज्ञा गर्नुभएको छ, अनि हामी त्यसलाई विश्वास गर्दछौ। र जसै हामी यस बिहानमा सोचिरहेका थियौ, जुन दूरी तपाईको लागि केहि पनि होइन, तपाई संसारको एक भाग जत्तिको महान हुनुहुन्छ उत्तिकै अर्को भागमा हुनुहुन्छ, किनभने तपाई सर्वव्यापी, सर्वशक्तिमान, र असीम परमेश्वर हुनुहुन्छ। र हामी प्रार्थना गर्छौं, पिता, कि तपाईले यी अनुरोधहरु येशू ख्रीष्टको नाममा प्रदान गर्नुहुनेछ। आमेन।

5 आज राती फेरी आउन पाउँदा धेरै खुसी छु, र...र मलाई थाहा छ यो गर्मी छ। यी तीन लगातारको सभाहरु हुन्, र यो...मलाई थाहा छ तपाईहरु मध्ये कसैले अहिले र बिहानको बिचमा पाँचसय मिल दूर गाडि कुदाउनुपर्छ। र भोलिदेखि शुरू गरेर, मैले त्यसपछि चौध सय जति कुदाउनुपर्छ। त्यसैले, त्यसैले म—म विश्वास गर्छु कि तपाई सबैको लागिराम्रो समय भएको छ। र मेरो लागि तपाईहरुसँग भेट्नको लागि रार्मो समय भएको छ। त्यहाँ एउटा मात्रै कुरा छ जुन हामीले अनुरोध गरेका छौ, कति धेरैजनालाई फर्काउनु परेको छ किनकि त्यहाँ कुनै कोठा बाकि छैन, हामीले गलियारहरु धेरै भिड गर्न सक्दैनौ, अग्नि विभाग त्यसको लागि चुप लागेर बस्दैन। त्यसैले हामीले अहिले अलिकति ठूलो मण्डली खोजिरहेका छौ, ताकी जब हामीहरु भित्र आउँछौ, र हामीसँग मानिसहरुको लागि बस्ने कोठा होस्।

6 र अब, कुनै पनि बेला, तपाईहरुलाई यहाँ मण्डलीमा स्वागत छ, जहाँ हामीसँग ख्रीष्ट बाहेक कुनै धर्म छैन, कुनै कानून होइन तर प्रेम, कुनै पुस्तक होइन तर बाईबल। र त्यसैले...र हाम्रो पाष्टर यहाँ भाई ओर्मन नेभिल हुनुहुन्छ। र हामीसँग धेरै मानिसहरु—अन्तरसाम्प्रदायिक मण्डलीको रूपमा भेला हुनुभएको मण्डली छ, जहाँ तपाई यहाँ आउनुहुन्छ र आफ्नो विवेकको अनुसार परमेश्वरलाई आराधना गर्नुहुन्छ। हामी तपाईलाई यहाँ पाउदा सधै खुसी छौ। र त्यसैले तपाईले सक्नुहुँदा आउनुहोस्, हामीहरु तपाईलाई यहाँ प्राप्त गर्न सधै खुसी छौ।

7 र अब अर्को पटक, मलाई थाहा भएसम्म, तपाईसँग हुन, मण्डली पूरा भएपछि हुनेछ। र त्यसबेला म चाहन्छु, *मण्डलीका युगहरु* पछि, त्यहाँ त्यसबेला हामी सात अन्तिम *मोहोरहरुमा* जान चाहन्छौ, र प्रकाशको पुस्तकमा सात अन्तिम मोहोरहरु, त्यो सिकाउनको लागि।

8 र अब कति धेरै पटक बिरामीहरु र पीडितहरु आउँछन्, र यी सभाहरुको दौरानमा, जहाँ दर्शनहरुको आवश्यक छ, र विशेष अन्तर्वार्ताको निम्ति आउँछन्। यदि म त्यसमा गए भने, तब म—म तिनीहरुको बीचमा भिन्नता थाहा पाउन सक्दिन, र, होइन, त्यस पछाडि बोल्नको लागि मलाई गाह्रो हुन्छ। र सबैलाई थाह कि हाम्रो चंगाईको अभियानहरुमा, कि श्रीमान्. ब्याक्स्टर वा कसैले प्रायः प्रचार गर्नुहुन्छ, र म बिरामीहरुको लागि प्रार्थना गर्नको लागि बाहिर आउँछु, किनभने यो अलिकति कठिन हुन्छ। र म केहि मानिसहरुको लागि केहि महिना अगाडि प्रार्थना गरिरहेको थिएँ, र तब मैले यहाँ एउटा सानो बच्चालाई भेटे जुन चिकित्सकले...यसको पछाडि पट्टि केहि कुरा सहित, केहि तरिकामा जन्मिएको छ। बाहिर निस्किएको, मैले यसलाई त्यहाँ कास्टमा बसिरहेको देखे। त्यो बच्चा कहिल्यै पनि त्यसरी अपाङ्ग बन्नुपर्दैन थियो, यो निको हुनेवाला थियो। निश्चय नै, यो हो, हेर्नुहोस्। त्यो, मलाई त्यो थाहा छ। हेर्नुहोस्, म त्यसमा सकारात्मक छु। त्यसैले हामी हाम्रो आस्था र परमेश्वरमा विश्वास राख्न चाहन्छौ।

9 तपाईहरु मध्ये हरेक, र तपाईहरु धेरैजना मेरो लागि अन्जान हुनुहुन्छ, सबै सेवक र अन्यहरु। यदि म गलत छैन भने, यो भाई क्रेज हुनुपर्छ। त्यो सहि हो? भाई क्रेज, त्यो समर्पणमा म उठ्न नसकेकोमा, म—म तपाईसँग क्षमाप्रार्थी छु। हुनसक्छ म त्यहाँ माथि सप्ताहन्तको सभामा आउनेछु, राम्रो हुनुहोस्। के त्यो सहि हो? माथि ब्लूमिंगटनमा। के तपाई राम्रै गर्दै हुनुहुन्छ?

राम्रो। मलाई लाग्छ, यहाँ भएका केहि भाईहरु सेवकहरु हुनुहुन्छ। तपाई एक सेवक हुनुहुन्छ? हो, श्रीमान। प्रभुले तपाईलाई आशिष दिऊन्। र भवनमा कतिजना सेवकहरु हुनुहुन्छ, तपाईहरुको हात हेरौ। ठिक छ, त्यो ठिक छ। तपाईहरुलाई यहाँ पाएर हामी खुसी छौ, बस धेरै खुसी छौ। परमेश्वरले तपाईलाई सधै आशिष दिऊन्।

10 अब, ताकी हामी चाँडै नै बाहिर निस्कन सकौँ, ती मध्ये केहि जर्जिया, टेनेसीमा, न्यु योर्क, सबैतिर जाँदै हुनुहुन्छ, आज राती देखि, आज राती देखि शुरू गरेर। अब, बाटोमा सावधानी पूर्वक गाडि चलाउनुहोला। यदि तपाईलाई निन्द्रा लाग्यो भने, तपाई मोटेलमा जान चाहनुहुन्न, रोडको एक छेउतर्फ राख्नुहोस् र तपाईले नसकेसम्म सुत्नुहोस्...मैले गर्ने तरिका यहि हो। हेर्नुहोस्, केवल रोक्नुहोस् र सुत्नुहोस्। तपाईलाई निन्द्रा लागेको बेलामा, न, नकुदाउनुहोस्। यो नराम्रो कुरा हो। र, याद गर्नुहोस्, यो तपाई होइन, यो त अर्को साथी हो जसलाई तपाईले ध्यान दिनुपर्छ। बुझ्नुभयो? तपाई कहाँ जाँदै हुनुहुन्छ तपाईलाई थाहा छ, उहाँ कहाँ जाँदै हुनुहुन्छ तपाईलाई थाहा छैन, त्यसैले—त्यसैले तपाईले त्यो केटालाई हेर्नुपर्छ। त्यसैले, निश्चित हुनुहोस् कि तपाई हरेक समय सतर्क रहनुहोस्, यसलाई हेर्नको लागि।

11 अब, म आज राती सन्त यूहन्नाको पुस्तकमा पाईने धर्मशास्त्रको एक अंश पढ्न चाहन्छु। अब, यी साना धर्मशास्त्रहरु जुन हामी पढ्छौ र उल्लेख गर्छौं, हामीले के भन्न खोजिरहेका छौ त्यसको लागि हामीलाई आधारभूत दिन हो। र सधै, मैले एक पटक पनि गरेको छैन, जतिसम्म मलाई सम्झना छ, कहिल्यै पुल्पिटमा आएर, भन्नको लागि मात्रै केहि भनेको छैन। म सधै प्रतिक्षा गर्न खोज्छु, हेर्छु, अध्ययन गर्छु, प्रार्थना गर्छु, तबसम्म कि जबसम्म मसँग केहि त्यस्तो छ जुन मानिसलाई सहायता हुन्छ भन्ने महसूस गर्दिन। यदि म सहायता हुन सक्दिन भने, म यहाँ उभिनु आवश्यक छैन, हेर्नुहोस्। यो, मद्दत गर्ने प्रयास हो! र आज राती, अवश्य पनि, हाम्रो भीडको ठूलो भाग आज बिहान बाहिर गएको छ, र उहाँहरु घर जानुपर्थ्यो, धेरै जसो। तर, आजराती, मैले तपाईलाई भनेको थिए यदि तपाई बस्नुभयो भने हामीले केवल पैतालिस मिनेको कुराकानी गर्ने प्रयास गर्नेछौ केहि त्यस्तो कुरामा जसमा मलाई आशा छ कि त्यसले हामीलाई मद्दत पुर्याउनेछ। र अब हामी यसलाई सन्त यूहन्ना, १६ औ अध्यायमा आधारित गर्नेछौ, र

आउनुहोस्—१६ औ अध्यायको ७ औ पदमा, र १५ औ पदबाट—पढ्नेछौ।

*तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु; म जानमा नै तिमीहरूको हित छ: किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन; तर गएँ भने, म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु।*

*अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता, र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ:*

*पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्;*

*धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र* तिमीहरू *मलाई फेरि देख्नेछैनौ;*

*र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ।*

*मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले* तिमीहरू *ती कुरा सहन सक्दैनौ।*

*जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले, तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ: उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन; उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ: र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा* गरिदिनुहुनेछ।

किनकि, *उहाँले मेरो महिमा गर्नुहुनेछ: किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो* घोषणा *गरिदिनुहुनेछ।*

*जे-जति पितासँग छन्—ती मेरा हुन्: यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर, आत्माले तिमीहरूलाई* घोषणा *गरिदिनुहुनेछ।*

12 अब यो १३ औ पदमा। "जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले, तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। जब सत्यताको आत्मा आउनुहुन्छ, उहाँलाई तिमीहरुलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ।" सत्यता के हो? वचन। "उहाँले बोल्नुहुनेछ, उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन; तर उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, जे उहाँले सुन्नुहुनेछ, त्यो उहाँले बोल्नुहुनेछ।" अर्को शब्दमा, उहाँ नै एक

हुनुहुनेछ जसले कुराहरु प्रकट गर्नुहुनेछ, तपाई देख्नुहुन्छ। अनि हिब्रूको ४ औ अध्याय, बाईबलले भनेको छ कि “परमेश्वरको वचन धारिलो, र दुई–धारे तरवार भन्दा पनि शक्तिशाली छ, एउटा—एउटा मन, हृदयको विचार जान्नुहुने हुनुहुन्छ।” हेर्नुहोस्, “उहाँले के सुन्नुहुन्छ, उहाँले बोल्नुहुनेछ, र उहाँले हुन आउने कुराहरु तिमीहरुलाई देखाउनुहुनेछ।” बुझ्नुभयो? त्यो के गर्न गईरहेको छ? पवित्र आत्मा जो प्रभु येशूको नाममा आउनुहुनेछ।

13 र म यी अर्को केहि मिनेट तपाईको ध्यानआकर्षण वचन “मार्गदर्शक,” *एक मार्गदर्शक* मा लिन चाहन्छु। तपाईलाई थाहा छ, मैले जंगलमा केहि राम्रो अनुभव गरेको छु। एक मार्गदर्शकको रूपमा, कोहि जसले तपाईलाई चारैतिर देखाउछ। तपाई कहाँ जाँदैहुनुहुन्छ भनि थाहा नपाएको बेलामा तपाईसंग एउटा मार्गदर्शक हुनुपर्दछ। र शिकार, र चारैतिर संसारसँग चिरपरिचित भएको कारणले, मैले—मार्गदर्शकहरुलाई भेट्ने मौका पाएको छु। र म, आफै, कोलोराडोमा, एउटा मार्गदर्शक हुँ, किनकि देश जानेको कारणले, पशुपालन, र त्यस्तै गरेको हुनाले, मैले कोलोराडोमा मार्गदर्शन गर्न सक्छु।

14 अब, एउटा मार्गदर्शकलाई बाटो थाहा हुनुपर्छ। ऊ कहाँ जाँदैछ र के गर्दैछ, र बाटोभरी तपाईको ख्याल कसरी राख्ने भन्ने उसलाई थाहा हुनुपर्दछ। बुझ्नुभयो? उसले तपाई नहराओस् भनि हेर्नुपर्छ। एउटा मार्गदर्शक चुनिएको मानिस हो। यदि ऊ मार्गदर्शक हो भने, राज्यले यो मान्छेलाई चुन्छ। र, अब, उजाडस्थानको यात्रामा जाँदा, जहाँ शायद तपाईको जाने बानी छैन, त्यहाँ तपाई ऊ बिना जान राम्रो होइन। साँच्चै, कुनै ठाउँमा तपाई ऊ बिना जान नि सक्नुहुन्न, उदाहरणको लागि, क्यानाडा। मार्गदर्शकले—खेल कारापाललाई तपाईको इजाजतपत्र हस्ताक्षर गर्नुपर्छ। उसले आफैलाई हस्ताक्षर गर्नुपर्छ, अनि ऊ तपाईको लागि जिम्मेवार हुन्छ। यदि केहि पनि कुरा तपाईलाई भयो भने, यो उसको जिम्मेवारी हुन्छ। उसले तपाईको हेरचाह गर्नुपर्छ। उसले तपाई नहराएको होस् भनेर हेर्नुपर्छ। उसले तपाईलाई आफ्नो बाटो थाहा नभएको ठाउँमा नपठाउने कुरामा निश्चित गर्नुपर्छ। र यदि तपाई हराउनुभयो भने, उसले देशलाई यति राम्ररी चिनेको हुनुपर्छ ताकी उसले तपाईलाई कुनै पनि समयमा भेट्टाउन सक्छ। उसले यो सबै कुरा थाहा पाएको हुनुपर्छ नभए ऊ एउटा मार्गदर्शक हुनसक्दैन, ऊ एउटा मार्गदर्शक हुनको लागि अनुमति पत्र प्राप्त हुनसक्दैन।

15 यी कुराहरुको लागि, कहिलेकाहि तपाईसँग भेट गर्ने निश्चित समय हुनुपर्दछ, अगाडि बोलाएर प्रबन्ध मिलाउनुपर्दछ, बाहिर लानको लागि आरक्षण गर्नुपर्दछ। र यदि तपाईको...कहिलेकाहि ऊ भरिएको हुन्छ र उसले तपाईलाई लान सक्दैन, तपाईले यसलाई केहि समयको लागि बन्द गर्नुपर्छ, संसारिक—मार्गदर्शकको लागि। तपाईले त्यो परमेश्वरको मार्गदर्शकसँग कहिल्यै पनि गर्नुपर्दैन, उहाँ सधै तयार हुनुहुछ, सधै तयार।

16 अब, यदि तपाईले यी तयारीहरु बनाउनुभएन भने, र तपाई पहिले कहिल्यै पनि नपुग्नुभएको जंगलको यात्रामा जान विचार गर्दै हुनुहुन्छ भने, तपाई हराउन, र नष्ट हुनसक्नुहुन्छ। जंगलबाट बाहिर निस्किन तपाईसँग लगभग एक प्रतिशत मौका हुन्छ, जुन, यदि त्यो एकदमै घना छैन, तपाई आफै बाहिर निस्किने एक प्रतिशत मौका हुन्छ। तर यदि यो एकदमै नराम्रो जंगल छ भने, फर्केर आउन, तपाईसँग बाहिर निस्किने मौका छैन। त्यहाँ यो गर्ने कुनै उपाय नै छैन, किनभने तपाईले आफैलाई मृत्युको हिडाईमा पाउनुहुन्छ, र त्यसपछि तपाई—तपाई सिद्धिनुभयो, तब तपाई समाप्त हुनुभयो। अब, र तपाई नास हुनुहुनेछ यदि तपाईसँग देशको बारेमा जान्ने र कसरी फर्केर आउने भनेर जान्ने एउटा मार्गदर्शक थाहा छैन।

17 तपाईले गत वर्ष ट्युक्सन, एरिजोनामा, ती केटा स्काउटहरुमा लेखिएको लेखसँग धेरैजना परिचित हुनुहुन्छ। यद्धपि, उनीहरुलाई आफ्नो ख्याल कसरी राख्ने भनेर तालिम दिएएको थियो, उनीहरु स्काउट्स थिए। र उनीहरु केवल कब स्काउट्स मात्रै थिएनन्, उनीहरु पूर्ण स्काउटहरु थिए। र उनीहरु माथि हिमालमा एउटा यात्रा गरे, र एउटा हिम तूफान आयो, प्रकृतिले आफ्नो स्थिति परिवर्तन गर्यो। र जब तिनीहरुले आफैलाई हराएको अवस्थामा भेटे र सबैजना नष्ट भए, किनभने यो तिनीहरु... केहि, परिवर्तन नियमित दिनचर्याबाट आउँछ, कसरी बाहिर निस्किने भनेर उनीहरुलाई थाहा थिएन। बुझ्नुभयो? र मैले बिर्सिए त्यहाँ कति जना केटाहरु थिए जो हिमालमा बिते, यद्धपि तिनीहरुसँग सहायताको लागि हेलीकप्टर, र सहायक सेना, र राष्ट्रिय गार्डहरु, स्वयंसेवक, र सबैकुराहरु थियो। तर तिनीहरु हराएका थिए, तिनीहरु कहाँ थिए भन्ने कसैलाई पनि थाहा थिएन। र तिनीहरुले आफ्नै ख्याल राख्न सकेनन्। तिनीहरु सबै हिऊ मै मारिए किनभने तिनीहरुलाई तिनीहरु पूर्व, उत्तर, पश्चित वा दक्षिण कहाँ गईरहेका थिए थाहा थिएन, माथि वा तल, वा यो कसतियो थियो, सबैकुरा उस्तै देखिन्थ्यो।

18 अब, एउटा मार्गदर्शक, जस्तो सुकै मौसम भएपनि आफू कहाँ गईरहेको छु सो जान्दछ। ऊ—ऊ त्यो गर्नको लागि सुसज्जित हुन्छ। उसले के गर्दैछ उसले जान्दछ। ऊ सबैकुरासँग परिचित हुन्छ। उसलाई सबै कुराको रुप थाहा हुन्छ, त्यसैले ऊ अन्धकारमा हुनसक्दछ र उसले कुनै निश्चित कुरा महसूस गर्न सक्दछ।

19 उदाहरणको लागि, एउटा मार्गदर्शकको लागि यहाँ एउटा पुरानो उपाय छ। तपाईलाई थाहा छ, यदि तपाईले ताराहरु देख्न सक्नुहुन्छ भने, जो कोहिले पनि तपाई कुन बाटो गईरहनुभएको छ त्यो जान्नुहुन्छ यदि तपाईले ताराहरुलाई हेर्नुहुन्छ भने। र तपाईले सधै एउटा साँचो तारालाई हेर्न चाहनुहुन्छ। त्यहाँ केवल एउटा मात्रै साँचो तारा छ, र त्यो उत्तरको तारा हो। हेर्नुहोस्, केवल एक, ऊ सधै एउटै ठाउँमा बस्छ। त्यसले ख्रीष्टलाई दर्शाउछ, उहाँ हिजो, आज, र सधैभरी एक समान हुनुहुन्छ। अरुहरु भौतारिएला, तर ऊ सधै एकसमान रहन्छ। मण्डलीले तपाईलाई *यो* बाटो लैजाला, वा कसैले तपाईलाई *त्यो* बाटो लैजाला; तर उहाँले गर्नुहुन्न, उहाँ सधै एकसमान हुनुहुन्छ।

20 ठिक छ, अब, यदि तपाईले यो उत्तरको तारा देख्न सक्नुहुन्न, र यो बादलु छ भने, तब यदि तपाईले याद गर्नुभयो, यदि यो दिनको समय छ र तपाई हराउनुभयो, यदि तपाईले रूखलाई हेर्नुभयो। रूख सधै, काई रूखको उत्तर तर्फ हुन्छ, किनभने रूखको दक्षिणतर्फ उत्तर तर्फ भन्दा धेरै घाम लाग्छ। तर के हुन्छ यदि यो अँध्यारो छ र तपाईले काई देख्न सक्नुहुन्न? यदि तपाईले आफ्नो आँखा बन्द गर्नुहुनेछ र कुनै सोच्ने काम गर्नुहुन्न भने, आफ्नो आँखा बन्द गर्नुहोस् र एउटा स्लिक–बार्क रूख लिनुहोस्, तपाईको औँलाले भेट्ने गरी हात यसरी रूखको वरपर राख्नुहोस्, र त्यसपछि त्यो रूख वरिपरी साँचै बिस्तारै घुम्न शुरू गर्नुहोस्। र जब तपाईले त्यो ठाउँमा पुग्नुभयो जहाँ काठको बोक्रा बाक्लो हुन्छ, भाँचिएको हुन्छ, त्यो नै उत्तर तर्फ (हावा) हो, र तपाईले भन्न सक्नुहुन्छ कुन बाटो तर्फ तपाई जाँदै हुनुहुन्छ, उत्तर वा दक्षिण। र त्यो बाटो, ओ, त्यहाँ धेरै कुराहरु छन्, तर त्यस्तो कुरा गर्न जान्नको लागि हामीलाई एउटा मार्गदर्शक चाहिन्छ। त्यहाँ एक साधारण मान्छे उठ्छ र भन्छ, "मैले यसमा कुनै भिन्नता पाउन सक्दिन।" बुझ्नुभयो? हेर्नुहोस्, तपाई त्यो मार्गनिर्देशनको लागि प्रशिक्षित हुनुपर्दछ।

21 र यी केटाहरु, निस्सन्देह तिनीहरु राम्रा स्काउटहरु थिए, तिनीहरु रस्सी बाध्न सक्षम हुन सक्छन्, तिनीहरु ढुङ्गाले आगो बाल्न सक्थे होला, र त्यस्तै नै अन्य। तर तपाईको बाटो जान्नको लागि, त्यो विचार हो! तिनीहरु, तिनीहरुलाई बाहिर निस्किने बाटो थाहा छैन, त्यसैले उनीहरु सबै मारिए किनकि तिनीहरुले आफूसँग एउटा मार्गदर्शक लिएनन्।

22 एक अविवेकी बुबा, दुई वर्ष अगाडि, कोलोराडो, ओ, उनी माथि पहाडमा जाँदै थिए, उनीसँग एउटा छ, सात वर्षको एउटा सानो केटा थियो। उनले उसलाई उसको पहलो मृगको शिकारमा लैजादै थियो। त्यसैले तिनीहरु उच्च माथि पहाडमा गए, र सानो केटाले आफ्नो बुवालाई भन्यो, “म थाक्दै छु।”

23 “मेरो ढाँडमा चढ। हामीहरु अझै पनि माथि पुगेका छुनु, मृगहरु माथि छन्।” उनी गएको गएकै गर्यो जबसम्म उनले...उनलाई थाहा थिएन, उनी एउटा शहरी मानिस थिए। उनलाई कसरी शिकार गर्ने वा कहाँ जाने भन्ने केहि थाहा थिएन। जंगलको बारेमा थाहा हुने कुनै पनि मानिसलाई थाहा छ कि मृग माथि हुँदैन। तिनीहरु त्यहाँ माथि जाँदैनन्। बाख्राहरु माथि बस्छन्, मृग होइन। तिनीहरु तल हुन्छन् जहाँ तिनीहरुले खाना पाउछन्, तिनीहरु त्यहाँ हुनुपर्छ जहाँ तिनीहरुले केहि खाना पाउछन्। र, त्यसैले, तर यो मान्छेले सोच्यो, “यदि म त्यहाँ कतै माथि पहाडमा गए, मैले एउटा ठूलो मृग पाउनेछु।” उनले केहि उभिएको तस्बिर देख्यो—एउटा चट्टान माथि, र उनले सोचे कि त्यहिनिर उनले त्यो पाउनेछ। ती पत्रिकाहरुले के पढ्छन् भन्ने कुरामा ध्यान नदिनुहोस्, मेरो, ओ, मेरो, तपाईले एउटा दुःस्वप्न हुनेछ! त्यो, त्यहाँ एउटा मात्रै काम गर्न सकिन्छ, त्यो हो एउटा मार्गदर्शकलाई लिने, जहाँ तपाईलाई तपाई कहाँ हुनुहुन्छ भनि थाहा हुन्छ।

24 र त्यो बुवा, त्यहाँ एकैचोटी वर्षा आउँछ, ती मध्ये एउटा झट्टै बर्षा आउँछ। र त्यो मान्छेले धेरै ढिलो शिकार गर्यो, अन्धकार हुन्जेलसम्म अनि उनले फर्किने बाटो पाउन सकेनन्। र...त्यसपछि पहाडको टुप्पोबाट हावाहरु आउन थाल्यो, र ऊ आफै द्रूत गतिमा अघि बढ्छन्, र त्यो...

25 तपाई कसरी बाँच्ने भनेर जान्नुपर्छ, यदि तपाई फस्नुभयो भने। त्यहाँ अर्को कुरा छ, कसरी बाँच्ने जान्नुहोस्। म रूखहरु चढेको छु र तिनीहरुलाई तल झारेको छु, र रूखमा चढेर तल झरेको छु, माथि र तल त्यसरी, जीवित राख्नको लागि। मैले हिउँ लिएको छु जब यो प्रत्येक छेऊमा चार

फिट भएको थ्यो, एउटा ठूँठलाई फोडेर यसलाई तल राखेको छु। र यति भोको भएँ कि उठ्न समेत सकेको थिईन! अनि यी पुराना ठूँठलाई फोडे, अनि यसलाई जलाउनुहोस् र यसलाई तातो हुन दिनुहोस् अनि बरफलाई पग्लिन दिनुहोस्। र त्यसपछि बिहानमा लगभग एक, दुई बजे तिर, ठूँठलाई पछाडि ताने, र त्यो न्यानो माटोमा राखे, जीवित राख्नको लागि। र तपाईलाई थाहा हुनुपर्छ यी कुराहरु कसरी गर्ने भनेर।

26 यो मानिसलाई थाहा थिएन कि उसले के गरिरहेको थियो, उनीसँग उसलाई निर्देशन दिन कोहि पनि थिएन। र ऊनले चिसो महसूस गरेर नमरुन्जेलसम्म आफ्नो सानो छोरालाई उनको काखमा राख्यो। अविवेकी! यदि उनले आफूसँग एउटा मार्गदर्शक मात्रै लगेको भए, उसले उनलाई पहाडको ठिक तल ल्याउनेथियो चाहे त्यो जति नै समय लागोस्, हेर्नुहोस्। तर उनले अँध्यारो हुन्जेलसम्म पर्ख्यो, त्यसपछि उनले आफ्नो बाटो देख्न सकेनन्।

27 आज इसाईहरुमा त्यहि नै समस्या छ। तिनीहरुले अन्धकार नभएसम्म पर्खन्छन्, त्यसपछि तपाईले पत्तो पाउनुहुन्छ कि तपाई मार्गदर्शक बिना जानुभयो भनेर। मार्गदर्शक!

28 किन, के तपाईले कहिल्यै एउटा हराएको मानिस देख्नुभएको छ? के कसैले हराएको मान्छेलाई भित्र ल्याएको अनुभव गरेको छ? यो तपाईले देख्ने सबैभन्दा दयनीय कुरा हो। जब एउटा मानिस हराउछ, ऊ जंगली भएर जान्छ। उसले के गर्दैछ भन्ने उसलाई थाहा हुदैन। हामीले त्यहाँ बाहिर एउटा मानिस देख्यौ, एउटा केटा, र ऊ जंगलमा हराएको थियो, र उसलाई सोचिएको थियो...ऊ एक किसान थियो, तर ऊ एउटा गलत क्षेत्रमा थियो र ऊ हरायो, फर्कियो। र जब तिनीहरुले उसलाई तिन दिन पश्चात भेटे, ऊ जंगली मान्छे जसरी भागिरहेको थियो, उसको तिखो आवाजले कराईरहेको थियो। उसको ओठ सबै खाईसकेको थियो, र उसले आफ्नो बन्दुक फालिदिएको थियो र के गर्ने भन्ने उसलाई थाहा थिएन। र जब उसको आफ्नै भाई, जब...तिनीहरुले उसलाई समातेर बाँध्नु पर्यो। जब उसको आफ्नै भाई ऊ कहाँ आयो, उसले जनावरले झैँ जसरी लड्यो, उसलाई तोक्न खोज्यो, ऊ कहाँ थियो भन्ने उसलाई थाहा थिएन। किन? ऊ हराएको थियो। र जब एउटा मान्छे हराउछ, ऊ व्यग्र स्थितिमा रहन्छ। र उसलाई आफू त्यो स्थितिमा छ भन्ने थाहा हुदैन, किनभने ऊ हराउनुले

उसलाई यो ज्वरो दिँदछ, र उसलाई आफू कहाँ छु र कस्ती व्यवहार गरिरहेको छु भन्ने थाहा हुदैन।

29 परमेश्वरबाट एउटा मानिस हरेको बेला पनि त्यस्तै हुन्छ! उसले त्यो काम गर्छ जुन उसले सामान्यतया गर्दैन। उसले त्यो कामहरु गर्छ जुन—जुन मानिसले गर्छ भन्ने कल्पना भन्दा बाहिर हुन्छ। परमेश्वरबाट हराएको एउटा मानिस, परमेश्वरबाट हराएको एउटा मण्डली, एउटा मण्डली जुन परमेश्वरबाट टाढा गएको छ, परमेश्वरको बाईबलका सिद्धान्तहरुबाट टाढा गएको छ, कहिले काहि तपाईले जीवित परमेश्वरको मण्डलीमा गर्छ भनि आशा नगरेको काम गरेको पाउनुहुन्छ। तिनीहरुले आफ्नो पैसा बन्को खेल, चिट्ठा खेलेर, जुवा खेलेर, जुनै पनि कुरा जुन तिनीहरुले गर्न सक्छन् गरेर प्राप्त गर्छन्। तिनीहरुले जे पनि सिकाउछन्, जे पनि हुन दिन्छन्, मण्डलीलाई धेरै पैसा दिने मान्छेलाई जय गर्छन्, र त्यस्तै अन्य गर्छन्, तिनीहरुलाई यसको साथ जान दिन्छन्। त्यो सहि हो। समितिमा डिकन बनाएर राख्छन् जसले चार वा पाँच पटकसम्म बिहे गरेका छन्, केवल त्यसलाई प्राप्त गर्नको लागि, स्वार्थ पूरा गर्न। त्यहाँ केवल एउटा स्वार्थ मात्रै छ, जुन तपाईले पूरा गर्नुपर्छ, त्यो परमेश्वरमा तपाईको दायित्व हो। खडा हुनुहोस् अनि सत्यता बोल्नुहोस्! हराएको, हराएको मानिस एउटा जंगली स्थितिमा हुन्छ, ऊ एउटा पागल मानिस हो।

30 मार्गदर्शकलाई समझ हुन्छ, कसरी जाने र के गर्ने भनेर। परमेश्वर भित्र...परमेश्वरले उहाँको मानिसलाई सधै एउटा मार्गदर्शक पठाउनुभएको छ। परमेश्वर कहिल्यै असफल हुनुभएको छैन। उहाँले एउटा मार्गदर्शक पठाउनुहुन्छ, तर तपाईले त्यो मार्गदर्शकलाई स्वीकार गर्नुपर्छ। बुझ्नुभयो? तपाईले यो विश्वास गर्नुपर्छ। उहाँले भनेको बाटोमा तपाई जानुपर्छ। यदि तपाई जंगल तिर जानुभयो, र तपाईको मार्गदर्शकले भन्छ "हामी *यो* बाटो जान्छौ," र अझै पनि तपाई सोच्नुहुन्छ कि तपाई *त्यो* बाटो जानुहुन्छ, तपाई हराउन पुग्नुहुन्छ। त्यसपछि जब तपाई...परमेश्वरले हामीलाई मार्गनिर्देश गर्न मार्गदर्शक पठाउनुहुन्छ, हामीले त्यो मार्गदर्शकलाई पछ्याउनुपर्छ। चाहे हामीले जे सुकै सोचौ, के चाहि उचित र के चाहि हास्यास्पद देखिन्छ, त्यो छुट्टाउने हाम्रो काम होइन, मार्गदर्शक मात्रै एक हो।

31 परमेश्वर, पुरानो करारमा, अगमवक्ताहरु पठाउनुभयो। तिनीहरु

मार्गदर्शकहरु थिए, किनभने परमप्रभुको वचन अगमवक्तामा आयो। तिनीहरु मार्गदर्शकहरु हुन्। तिनीहरुले मानिसहरुलाई निर्देशन दिए जसरी हामीले हिजो राती, यशैया र उज्जियाको गर्यौं। उनीहरुलाई निर्देशन दिईएको थियो, र तिनीहरुले मानिसहरुलाई निर्देशन दिए र डोर्याए। र अब परमेश्वरले सधै उहाँको मार्गदर्शकहरु पठाउनुभयो, उहाँ कहिल्यै पनि मार्गदर्शक बिना हुनुभएन, सबै युगहरु देखि। परमेश्वरको सधै कोहि न कोहि थियो जसले उहाँलाई, सबै युगहरुमा यस पृथ्वीमा प्रतिनिधित्व गर्यो।

32 आ, कहिले काहि तिनीहरु मार्गदर्शकबाट बाहिर जान्छन्, "किरणबाट बाहिर," जस्तो हामीले भन्छौ। जब येशू यहाँ पृथ्वीमा हुनुहुन्थ्यो, के तपाईलाई याद छैन येशूले फरिसीहरुलाई भन्नुभयो, "तिमी अन्धा मार्गदर्शकहरु"? अन्धा मार्गदर्शक, आत्मिक कुराहरुमा अन्धो। बुझ्नुभयो? अब, तिनीहरु मार्गदर्शक हुनपर्ने हो, मानिसहरुको लागि मार्गदर्शक हुनपर्ने, मानिसहरुलाई मुक्ति तर्फ डोर्याउन पर्ने। तर येशूले भन्नुभयो, "तिमीहरु अन्धा छौ!" र उहाँले भन्नुभयो, "तिनीहरुलाई एक्लै छाडिदेओ, किनकि यदि अन्धाले अन्धालाई डोर्याउछ भने, के तिनीहरु दुवै खाडलमा खस्दैनन् र?" अन्धा मार्गदर्शक! ओ, कसरी संसार त्यससँग दूषित भएको छ, अन्धो मार्गनिर्देशन। उहाँले तपाईलाई आफ्नै समझमा भर परेको चाहनुहुदैन। परमेश्वरले तपाईलाई तपाईको आफ्नै समझमा भर पारेको चाहनुहुन्न वा तपाईको विचारमा, वा कुनै पनि मानव–निर्मित विचारहरुमा।

33 परमेश्वरले एउटा मार्गदर्शक पठाउनुहुन्छ, र परमेश्वरले तपाईले यो सम्झेको चाहनुहुन्छ कि त्यो उहाँको नियुक्त भएको मार्गदर्शक हो। र हामीले उहाँलाई सम्झनुपर्छ। यहाँ यसले भन्छ, येशूले भन्नुभयो, "म तिमीहरुलाई छोड्नेछैन, तर म पितालाई प्रार्थना गर्नेछु र उहाँले अर्को सल्लाहकार पठाउनुहुनेछ।" र यो सल्लाहकार, जहाँ उहाँ आउनुहुन्छ, उहाँले हामीलाई सबै सत्यतामा डोर्याउनुहुन्छ। र परमेश्वरको वचन सत्य हो, र वचन ख्रीष्ट हुनुहुन्छ, "म बाटो, सत्य, जीवन हुँ।" उहाँ वचन हुनुहुन्छ, "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग थियो, र वचन नै परमेश्वर हुनुहुन्थ्यो। र वचन देहधारी हुनुभयो र हाम्रो माझमा वास गर्नुभयो।" त्यसपछि यदि हामीले सच्चा मार्गदर्शक, पवित्र आत्मालाई पछ्याउछौ भने, उहाँले हामीलाई उहाँले के देख्नुभयो, उहाँले के सुन्नुभयो त्यो भन्न, र उहाँले हुन आउने कुराहरुलाई देखाउन पर्नेथियो। आमेन। त्यहाँ तपाई हुनुहुन्छ। उहाँले तपाईलाई हुन आउने कुराहरु देखाउन जाँदै हुनुहुन्छ।

34 र जब आजका मण्डलीहरुले त्यो अस्वीकार गर्छन्, हामी कसरी कहिल्यै स्वर्गमा जाने अपेक्षा गर्न सक्छौ? जब पवित्र आत्मा हामीलाई मार्ग निर्देश गर्नको लागि पठाईयो, हामीले कुनै कार्डिनल, कुनै बिशप, कुनै सामान्य पर्यवेक्षक, वा वा त्यस्तै कोलाई हामीलाई डोर्याउनको निम्ति लिन्छौ, जब पवित्र आत्मा मार्ग निर्देश गर्नको लागि हामीलाई दिईयो।

35 र पवित्र आत्माले सधै वचनको कुरा गर्नुहुन्छ। "मसँग तिमीहरुलाई भन्न पर्ने धेरै कुराहरु छन्, जुन अहिले तिमीहरुले बुझ्दैनौ, तर जब उहाँ आउनुहुन्छ, उहाँले तिमीहरुलाई यसमा डोर्याउनुहुनेछ।" त्यहि नै कारणले मोहोरहरुको आगमन भएको हो। सातौ मोहोरको अन्त्यतिर, परमेश्वरको रहस्य समाप्त हुनुपर्छ, परमेश्वरको हुनुहुन्छ, उहाँ के हुनुहुन्छ, उहाँ कसरी जिउनुहुन्छ, उहाँको स्वभाव, उहाँको अस्तित्व जान्नको लागि। तपाई त्यो समयसम्म *यहाँ* माथि हुनुपर्ने हो, हेर्नुहोस्, हामीलाई परमेश्वरको छोरा र छोरीहरुको पूर्ण कदसम्म ल्याएको हुनपर्ने हो, एउटा मण्डली जो ख्रीष्टको रगतले धोईएको छ, जो पैसा बिना किनिएको छ, ख्रीष्टको रगतले मूल्य चुकाईएको छ।

36 अब, यहाँ हामी छौ, एउटा मार्गदर्शक, र ऊ परमेश्वरले प्रदान गर्नुभएको मार्ग दर्शक हो। अब, हामीहरु उजाडस्थानबाट भएर जाँदैछौ, र हामीहरु कुनै ठाउँको बाटोमा छौ, र हामी यो मार्गदर्शक बिना जान सक्दैनौ। र केसलाई कुनै अन्य मार्गदर्शक प्रतिस्थापन गर्ने हिम्मत गरोस् त! यदि तपाईले गर्नुहुन्छ भने, उहाँले तपाईलाई पंक्तिबाट हटाउनुहुनेछ। यो मार्ग दर्शकलाई बाटो थाहा छ! उहाँलाई बाटोको हरेक इन्च थाहा छ। उहाँलाई तपाईको हृदयमा बएको सबै विचारहरु थाहा छ। यहाँ भएका सबैलाई उहाँले चिन्नुहुन्छ। उहाँले तपाई को हुनुहुन्छ र तपाईले के गर्नुभएको छ, र तपाईको बारेमा सबैकुरा जान्नुहुन्छ। उहाँ परमेश्वरको मार्गदर्शक हुनुहुन्छ, पवित्र आत्मा, र उहाँले तपाईलाई सबै कुराहरु प्रकट गर्नुहुन्छ, र उहाँले सुन्नुभएको कुराहरु बताउनुहुनेछ, तपाईका शब्दहरु ठिक फिर्ता दोहोर्याउन सक्नुहुन्छ र तपाईले भन्नुभएका कुराहरु बताउन सक्नुहुन्छ। आमेन। तपाई को हुनुहुन्थ्यो, तपाईसँग के छ, तपाई कहाँ जाँदै हुनुहुन्छ त्यो बताउन सक्नुहुन्छ। एउटा मार्ग दर्शक, सच्चा मार्गदर्शक, र उहाँले तपाईलाई सम्पूर्ण सत्यतामा डोहोर्याउनु हुन्छ, र उहाँको वचन सत्य हो।

37 अब, पवित्र आत्माले, तपाईलाई कहिल्यै पनि मानिसले बनाएका

कनै खालको धर्ममा “आमेन,” भन्ने बनाउनुहुन्न। यसले केवल परमेश्वरको वचनलाई “आमेन” साथ दिन्छ, किनकि यो यहि नै हो। पवित्र आत्माले तपाईलाई कुनै अन्य बाटोमा डोर्याउनु हुन्न। अब अनौठो कुरा यो छ, कि हामी सबै, सबै हाम्रा महान संगठित मण्डलीहरु र त्यस्ता कुराहरु, हामीले दावी गर्छौ कि ती हरेक पवित्र आत्माले अगुवाई गरिको हो, र हामी सबैमा त्यहाँ रात जत्तिको दिनबाट भिन्न छ उस्तै भिन्नता छ।

38 तर जब पावल, त्यो सानो फरिसी जसले पवित्र आत्मा प्राप्त गर्यो जब हनानियासले उनलाई बप्तिष्मा दिए, र उनी अर्बमा गए र तिन वर्षसम्म अध्ययन गरे, फर्केर आए, र चौध वर्षसम्म मण्डलीसँग कुनै पनि कुराको सल्लाह लिएनन्, र जब उनी आए र पत्रुसलाई भेटे, यरूशलेममा भएको मण्डलीको प्रमुख, तिनीहरु सिद्धान्तमा उस्तै नै थिए। किन? उही पवित्र आत्मा भएर। जहाँ पत्रुसले येशू ख्रीष्टको नाममा बप्तिष्मा दिए, पावलले उही नै गरे उनलाई कसैले केहि नभनीकन। जहाँ पत्रुसले पवित्र आत्माको बप्तिष्माको बारेमा, र पवित्रीकरण, र त्यस्तै अन्य कुराहरु सिकाए, पावलले पनि मण्डलीसँग सल्लाह नै नालिदै, उही नै काम गरे, किनकि यो उही नै मार्गदर्शक थिए। त्यसो भए मानिसहरुले ये सत्यहरु अस्वीकार गर्दा आज हामी कसरी हुन सक्छौ? जब पत्रुसले मण्डलीलाई व्यवस्थित राख्नलाई उनले के गरे भनि सिके, पावलको पनि उही नै सिद्धान्त थियो, किनकि उनीहरुसँग उही मार्गदर्शक थियो।

39 मार्गदर्शकले एउटालाई *यो* बाटो, र अर्को लाई *त्यो* बाटो लाने, अनि एउटालाई पूर्व र अर्कोलाई पश्चिम पठाउनेवाला हुनुहुन्न, हेर्नुहोस्, उहाँले तपाईलाई एकसाथ राख्नुहुनेछ। र यदि हामीले केवल पवित्र आत्मालाई सँगै राख्नेछौ भने, हामीहरु एक हुनेछौ। यदि—यदि हामीले शैतानले तपाईलाई गलत बाटोमा तान्न दिएनौ भने, हामीले एक हृदय, एक मन, एक चित्तका हुनेछौ, पवित्र आत्माद्वारा, पवित्र आत्मा, परमेश्वरको मार्ग दर्शक जसले हामीलाई पूर्ण सत्यतामा डोर्याउनुहुनेछ। त्यो सहि हो। तर तपाईले आफ्नो मार्गदर्शकलाई पछ्याउनुपर्दछ। हो, श्रीमान।

40 निकोदेमसलाई हेर्नुहोस्, उनलाई एउटा मार्गदर्शक आवश्यक थियो, तर पनि उनी एक बुद्धिमान मानिस थिए। उनी एउटा शिक्षक थिए, लगभग अस्सी वर्षको। उनी एक फरिसी थिए, वा—वा महासभाको, परिषद, सेवकहरुको संघका थिए। उनी तिनीहरुको महान पुरुषहरु मध्ये एक

थिए, इस्राएलमा एक शिक्षक, यसमा दक्ष थिए। सोच्नुहोस्, एउटा प्रमूख शिक्षक। हो, उनलाई व्यवस्था थाहा थियो, तर जब यो नयाँ गरी जन्मनेको विषयमा आयो, उनलाई एउटा मार्गदर्शकको खाँचो थियो। उनी यसको लागि भोकाएका थिए। उनलाई थाहा थियो त्यहाँ केहि फरक हुनुपर्छ भनेर। ख्रीष्टमा त्यो रातको उनको अभिव्यक्तिले यो प्रमाणित गर्छ। यसले यो पनि प्रमाणित गर्यो, बाकिका अनुभूति, तर तिनीहरुमध्ये कोहिसँग पनि उनीसँग भएको जस्तो—हिम्मत थिएन। त्यहाँ कोहि पनि थिएन जो त्यहाँ माथि आएर उनले जस्तो गर्न सक्थे। तपाईहरु सबै, मानिसहरुले, निकोदेमसलाई रातको समयमा आएकोमा निन्दा गर्नुहुन्छ। उनी त्यहाँ पुगे। उनी त्यहाँ आईपुगे। मलाई थाहा छ कोहि–कोहि मानिसले त शुरूसम्म पनि गर्न सक्दनिया, चाहे त्यो दिन होस् वा रात। तर उनी त्यहाँ पुगे, र उनलाई एउटा मार्गदर्शक चाहिन्थ्यो, र उनले भने, "गुरु, हामी," महासभाबाट, "हामी जान्दछौ कि तपाई परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ।" उनलाई किन थाहा भयो? उहाँ प्रमाणित गरिएको हुनुहुन्थ्यो। हेर्नुहोस्, उनलाई यो नयाँ जन्म के हो भनि जान्नु थियो, र उनी सहि कहाँ पुगे, किनभने परमेश्वरले उहाँ, येशू नै मार्गदर्शक हुनुहुन्छ भनि प्रमाणित गर्नुभएको थियो। हेर्नुहोस् उनले के भने, "गुरु, हामी जान्दछौ कि तपाई परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनभने परमेश्वर उसको साथमा नभएसम्म, तपाईले गर्नुभएको जस्तो काम कसैले पनि गर्न सक्दैन।"

41 यो त्यहाँ प्रमाण थियो, कि त्यहाँ उहाँभित्र एउटा जीवित परमेश्वर हुनुहुन्थ्यो। उहाँले के गवाही दिनुभयो, "काम गर्ने म होइन; यो मेरो पिता हुनुहुन्छ जो ममा बास गर्नुहुन्छ। साचै म तिमीलाई भन्दछु, पुत्र आफैले केहि पनि गर्न सक्दैन; तर जे पिताले गरेको देख्नुहुन्छ, पुत्रले त्यहि नै गर्नुहुन्छ। पिताले काम गर्नुहुन्छ, र म काम गर्छु।" अर्को शब्दमा भन्दा, परमेश्वरले उहाँलाई के गर्ने भनेर देखाउनुभयो, र उहाँ गएर मात्रै त्यहि नै गर्नुभयो। परमेश्वरले उहाँलाई गर्नको लागि नभनेसम्म उहाँले केहि पनि गर्नुभएन। आमेन। त्यो नै वास्तविक स्पष्ट तथ्य हो। यदि हामी केवल सर्छौं र आत्माले हामीलाई नचलाएसम्म यो गर्नको लागि पर्खन्छौ भने! त्यहि नै हो। र त्यसपछि ख्रीष्टमा यति पूर्ण रूपमा हराउनुहुन्छ कि उहाँले मलाई जस्तै उहाँले तपाईलाई नि वरिपरी हल्लाउनुपर्दैन, तर उहाँको शिरको पहिलो सानो हल्लाई, तपाई तयार हुनुहुन्छ र केहिले पनि तपाईलाई रोक्न सक्दैन, किनभने तपाईलाई थाहा छ कि यो परमेश्वरको इच्छा हो।

42 उनलाई एउटा मार्गदर्शकको खाँचो थियो। उहाँ एउटा प्रमाणित मार्गदर्शक हुनुहुन्थ्यो। उनलाई यो मार्गदर्शकले होर्याउन सक्थ्यो किनभने उनलाई थाहा थियो कि यो मार्गदर्शक परमेश्वरबाट प्रेरित हुनुहुन्थ्यो। उनलाई थाहा थियो कि उनले सेवा गरेको परम्परा, शायद फरिसी, सदूसी, र जे केहि पनि अरुद्वारा, उनले ती धर्महरु सबै समयमा सेवा गरेका थिए र केहि पनि भएको थिएन। तर यहाँ दृश्यमा एक जना मानिस आउँछन्, यो भन्दै कि उनी बाईबलमा प्रतिज्ञा गरिएको एउटा मसिह हुन्। त्यसपछि उहाँ फर्केर परमेश्वरले गर्नुभएकै कार्य गर्नुहुन्छ। येशूले भन्नुभयो, “यदि मैले मेरा पिताको कार्य गर्दिन भने, तब मलाई विश्वास नगर। तर यदि तिमीले मलाई विश्वास गर्न सक्दैनौ भने, मैले गरेका काममा विश्वास गर, किनकि तिनीहरुले मेरो गवाही दिँदछ।”

43 तब, निकोदेमसले यो भन्न सक्नुमा कुनै आश्चर्य हुदैन, “गुरु ज्यु, हामी जान्दछौ कि तपाई परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, परमेश्वर नभएसम्म कुनै पनि मानिसले तपाईले गर्नुभएको काम गर्न सक्दैन।” हेर्नुहोस्, उनलाई एउटा मार्गदर्शकको खाँचो थियो, यद्धपि उनी काममा विज्ञ थिए। उनी आफ्नो मण्डलीको गुरु थिए। उनमा मर्यादा थियो, र उनी—उनको प्रमूख पदहरु थियो, र उनी महान मानिस थिए; कुनै शंका छैन, उनलाई देशभरीका मानिसले सम्मान गर्थे। तर जब यो नयाँ गरी जन्मने विषयमा आयो, उनलाई एउटा मार्गदर्शकको खाँचो थियो! त्यसरी नै हामीलाई पनि छ, हो, हामीलाई एउटा मार्गदर्शकको खाँचो छ।

44 कर्नेलियस, उनी ठूला बडा मानिस थिए, एउटा सम्मानित मानिस। उनले मण्डलीहरु निर्माण गरे। उनले यहूदीहरुलाई आदर गरे किनभने उनलाई थाहा थियो कि तिनीहरुको धर्म सहि थियो। र उनले भिक्षा दिन्थे, र उनले हरेक दिन प्रार्थना गर्थे, तर जब पवित्र आत्मा आउनुभयो (मण्डलीमा केहि कुरा थपियो), उनलाई एउटा मार्गदर्शकको खाँचो भयो। परमेश्वरले उनलाई पवित्र आत्मा पठाउनुभयो। उहाँले उनलाई पत्रुस व्यक्तिकोमा पठाउनुभयो, “जब पत्रुसले यी शब्दहरु बोल्दै थिए, पवित्र आत्मा उनमा आउनुभयो।” [टेपमा रिक्त स्थान—सम्पा।] परमेश्वरले पत्रुसद्वारा मार्गदर्शक प्रयोग गर्नुभयो। उहाँले यो प्रयोग गर्नुभयो, किनभने उहाँले कर्नेलियसलाई सहि ठाउँमा डोर्याए। र उनी बोलिरहेको बारेमा, पवित्र आत्मा ती अन्यजातिहरुमा आउनुभयो। त्यसपछि उनले भने, “के एक मानिसले पानीलाई निषेध गर्न सक्छ, कि यो बप्तिष्मा नलिनलाई?”

हेर्नुहोस्, अझै पनि मार्गदर्शक बोलिरहनुभएको छ, पत्रुस होइन। किनभने तिनीहरु एक यहूदीको झुण्ड थिए...वा अन्यजातिको, "अशुद्ध, फोहोर" उनको लागि, र उनी जानसम्म चाहदैन थिए। तर मार्गदर्शकले भन्नुभयो, "म तिमीलाई पठाउदैछु।" तपाईले त्यो काम गर्नुहुन्छ जुन तपाईले गर्नुहुनेछ भनि सोच्नुभएको हुदैन, जब मार्गदर्शकले पूर्ण रूपले नियन्त्र लिनुहुन्छ, जब तपाईले आफूलाई उहाँद्वारा डोर्याउन दिनुहुन्छ। ओ, पवित्र आत्माद्वारा अगुवाई गरिनु कति अद्भूत कुरा हो। उहाँ मार्गदर्शक हुनुहुन्छ। ठिक छ। उहाँले पत्रुस द्वारा बोल्नुभयो र उनले के गर्नुपर्छ त्यो बताउनुभयो। त्यसपछि जब तिनीहरु सबैले पवित्र आत्मा प्राप्त गरे, उनले भने, "हामीले पानीलाई निषेध गर्न सक्दैनौ, यो देखेर कि यिनीहरुले पवित्र आत्मा प्राप्त गरेका छन् जसरी हामीले शुरूमा गरेका थियौ।" अनि तिनीहरुले उनीहरुलाई प्रभु येशूको नाममा बप्तिष्मा दिए। अब, कसले त्यो गर्नको लागि डोर्याउनुभयो? त्यो मार्गदर्शक जो उनीभित्र हुनुहुन्थ्यो। के येशूले तिनीहरु भन्नुभएको थिएन र, "तिमीले के भन्न जानेछौ भनेर नसोच, किनभने यो तिमी होइनौ जो बोल्दैछौ; यो तिमीभित्र वास गर्नुहुने पिता हुनुहुन्छ, उहाँले बोल्नुहुनेछ"? आमेन।

45 नपुंसक, यरूशलेमबाट आईरहदा। अनि परमेश्वरसँग संसारमा त्यसबेला एउटा मार्गदर्शक थियो, पवित्र आत्मा, र उहाँसँग त्यहाँ तल एउटा मानिस थियो जो मार्गदर्शकले भरिएको थियो। उनी प्रचारक समेत थिएनन्, उनी एक खालको डिकन जस्तै थिए। र उनी त्यहाँ तल बिरामीलाई निको पार्दै र दुष्टलाई निकाल्दै थिए, र ठूलो हलचल मच्चाईरहेका थिए, शहरमा ठूलो रमाहट थियो। उनको वरिपरी सयौ मानिसहरु भेला भएका थिए, अनि मार्गदर्शकले भानुभयो, "त्यो पर्याप्त भयो, आऊ फर्केर यो बाटो जाऊ।" उनले आफ्नो मार्गदर्शकसँग विवाद गरेनन्।

46 कहिल्यै पनि तपाईको मार्गदर्शकको वचनमा विवाद नगर्नुहोस्। उहाँलाई पछ्याउनुहोस्। यदि तपाईले गर्नुभएन भने, तपाई हराउनुहुन्छ। र, याद गर्नुहोस्, जब तपाईले उहाँलाई छोड्नुहुन्छ, तपाई आफ्नै स्थितिमा हुनुहुन्छ, त्यसैले हामी मार्गदर्शकको नजिक रहन चाहन्छौ।

47 त्यसैले बाटोमा, उहाँले भन्नुभयो, "यो समूहलाई छोडिदेऊ, फिलिप, अनि त्यहाँ मरूभूमिमा जाऊ जहाँ त्यहाँ कोहि पनि छैन। तर म तिमीलाई थाहा बाहिर पठाउदैछु, र मैले तिमीलाई त्यहाँ बाहिर पठाउदा त्यहाँ कोहि

हुनेछ।" यहाँनिर एक्लो नपुंसक आउछ, उनी तल इथियोपियामा रानीको एक महान व्यक्ति थिए। त्यसैले उनी तल आईरहेका थिए, यशैयाको पुस्तक पढ्दै। अनि मार्गदर्शकले भन्नुभयो, "रथको नजिक जाऊ।"

र उनले भने, "तपाईले जे पढ्दै हुनुहुन्छ के त्यो बुझ्नुभएको छ?"

48 उनले भने, "त्यहाँ मलाई मार्ग निर्देशन गर्ने कुनै मानिस नभए मैले यो कसरी बुझ्न सक्छु?" ओ, मेरो! तर फिलिपसँग मार्गदर्शक हुनुहुन्थ्यो। र उनले उही धर्मशास्त्र बाट शुरू गरे, र उनलाई ख्रीष्टको प्रचार गरे। आमेन। मार्गदर्शक! उनलाई कुनै धर्म भनेनन्, उनले तिनलाई मार्गदर्शक, ख्रीष्टको बारेमा बताए! र उनले तिनलाई त्यहाँ भएको केहि पानीमा बप्तिष्मा दिए। निश्चय नै, यो थियो। ओ, मलाई यो कति मन पर्छ!

49 जब इस्राएलले प्रतिज्ञा गरिएको देशको लागि मिश्र छोडे, प्रस्थान १३:२१ मा, उनीहरुले कहिल्यै पनि त्यसरी यात्रा गरेका छैनन् भनि परमेश्वरलाई थाहा थियो। यो केवल चालिस मिल थियो, तर पनि तिनीहरुसँगै जानको निम्ति तिनीहरुलाई कोहि चाहिन्थ्यो। तिनीहरुले आफ्नो बाटो गुमाउथे। त्यसैले उहाँ, परमेश्वरले, तिनीहरुलाई एउटा मार्गदर्शक पठाउनुभयो। प्रस्थान १३:२१, केहि यस्तै, "म तिमीहरुलाई बाटोमा राख्नको लागि, तिमीहरुको अगाडि मेरो स्वर्गदूत पठाउनेछु, आगोको खामो," यो प्रतिज्ञाको देशमा तिनीहरुलाई मार्गदर्शन गर्नको लागि। र इस्राएलका सन्तानहरुले त्यस मार्गदर्शकलाई पछ्याए, (रातमा) आगोको खामो, दिनमा बादल बनि, जब यो रोकिन्थ्यो, तिनीहरु पनि रोकिन्थे। जब यो यात्रा गर्थ्यो, तिनीहरु पनि यात्रा गर्थे। र जब उहाँले तिनीहरुलाई भूमिको नजिक लानुभयो, अनि तिनीहरु त्यहाँ जानको निम्ति योग्य थिएनन्, उहाँले तिनीहरुलाई फेरी पनि फर्काएर उजाडस्थानमा लानुभयो। उहाँ तिनीहरुसँग जानुहुन्न थियो।

50 त्यहि नै आज, मण्डलीमा पनि छ। निस्सन्देह आज परमेश्वरको धिरज जस्तो छ, जस्तो यो नोआको दिनमा थियो, मण्डली त्यहाँ पुग्ने थियो यदि यसले आफैलाई सच्याएर आफूलाई ठिक स्थानमा राख्थ्यो भने। तर उहाँले हामीलाई वरिपरी र वरिपरी र वरिपरी अगुवाई गर्नुपर्थ्यो।

51 इस्राएललाई थोरै थाहा थियो, जब तिनीहरु कराउदै थिए, मिश्रका मरेका सिपाहीहरु देखेर, डुबेका घोडाहरु, फारोका रथहरु उल्टोभयो, तिनीहरुले आफ्ना विजय पाए, मोशा आत्मामा, आत्मामा गाउदै, मिरियमय

आत्मामा नाच्दै, र इस्राएलका छोरीहरु किनारमा माथि र तल दौडदै, कराउदै र नाच्दै, तिनीहरु दुध र महबाट केहि दिन मात्रै टाढा थिए। यो चालिस वर्ष हो भनेर तिनीहरुलाई थोरै मात्रै थाहा थियो, किनभने तिनीहरु परमेश्वर र मार्गदर्शकको विरुद्ध गनगन गर्न थाले।

52 र हामीले पनि आफूलाई त्यहि तरिकामा भेट्टाउछौ। यहाँ पछि म स्रेभपोर्ट जान्छु। र पवित्र आत्मा पचास वर्ष अगाडि, धन्यवाद दिवसको दिनमा आउनुभयो, यो—लुईजियानामा थियो, धन्यवाद दिने दिवसमा। त्यस समय देखि मण्डली कति धेरै पतित भएको छ! के तपाईलाई थाहा छ कि रोमन क्याथोलिक चर्चको शुरूवातमा यो पेन्टिकोष्टल मण्डली थियो? त्यो सत्य हो। त्यो सहि हो। यो एउटा पेन्टिकोष्टल मण्डली थियो, तर कडा गणमान्य व्यक्तिहरु प्रवेश गर्न थाले र—परमेश्वरको धर्मशास्त्रलाई तिनीहरुको परम्परामा परिवर्तन गर्न थाले, विधर्ममा जोड्न थाले, र अन्य त्यस्तै गरे। र अहिले हेर्नुहोस् तिनीहरुसँग के छ, यसको कुनैमा पनि धर्मशास्त्रको एक टुक्रा पनि छैन। तिनीहरुले केहिको सट्टामा केहिले प्रतिस्थापन गरे, एक टुक्रा रोटीको लागि पवित्र आत्मा साटे। तिनीहरुले डुबाउनलाई छिर्काऊले टारे। तिनीहरु "प्रभु येशू ख्रीष्टको" सट्टामा "पिता, पुत्र, र पवित्र आत्माले" बादलदिए। तिनीहरुले परमेश्वरका यी सबै महान लेखहरु जुन हाम्रो निम्ति राखिएको थियो त्यो प्रतिस्थापन गरिदिए, र तिनीहरु धेरै टाढा, दूर, धर्मशास्त्रको सिद्धान्तबाट धेरै टाढा छन्।

53 र पेन्टिकोष्ट लुईजियानामा झर्यो, पचास वर्ष पहिले, र यदि यो अर्को दुई सय वर्षसम्म खडा भयो भने, यो क्याथोलिक मण्डलीभन्दा पहिले धेरै टाढा हुनेछ, यदि यो उही तरिकामा गिर्दै जान्छ जसरी यी विगत पचास वर्षमा गिरेको छ, किनकि तिनीहरुले केवल यसमा हरेक पटक जोडिरहेको छ, लगातार। पुराना–शैलीका प्रचारकहरु गए। सडक सभा, तपाईले यसको बारेमा कहिल्यै सुन्नुभएन। हामीले पाएको सबै चिज यसमा थपिएको हलिउडको गुच्छा मात्रै हो, कट्ठु लगाएका छोटो कपाल सहितका महिलाहरु, रङ्गपोत गरेका, र सबैकुराहरुले, तिनीहरुले आफैलाई इसाई भनिरहेका छन्। गिटारको साथ केहि सानो रिकी, तल ठाउँमा दौडिन्छ, र यस्तो कस्सिएको लुगा लगाएका महिलाहरु...सकिन विनर जस्तै—बाहिर छाला देखिने खालको, लगभग, माथि मंचमा हल्लाउदै, मंचको तल र माथि दौडिदै, कानको झुम्का सहित दौडिदै, र यी मध्ये के यहाँ नयाँ भूमिको–केटिको केश कटाई सहित, त्यसपछि आफैलाई इसाई धर्म भन्छन्।

54 हामीलाई के चाहिन्छ भने त्यो पुरानो–जमानाको, परमेश्वरले–पठाउनु भएको, चर्को धर्म जसले मण्डलीबाट संसारिकपनलाई बाहिर निकाल्छ। हामीहरु फर्केर पवित्र आत्मा र आगोमा आउनुपर्छ, फर्केर त्यो कुरामा जसले फोहोरलाई जलाउच, पुरानो–शैलीको प्रचारलाई फिर्ता ल्याऊछ, स्वर्गलाई उच्च बनाउछ, र नरकलाई तातो बनाउछ, बन्दुकको ब्यारेल जस्तो सिधा बनाउछ। हामीलाई त्यस्तो खालको प्रचार चाहिन्छ। तर तपाईले त्यो आज गर्नुहोस्, तपाईको मण्डलीले तपाईलाई मतदान गरेर बाहिर निकाल्छ।

55 कहिले काहि असल प्रचारकहरुलाई तिनीहरुको मण्डलीद्वारा बहकाईन्छ। त्यहि नै कारणले मसँग कुनै संगठन छैन। मेरो एउटा मख्यालय छ, त्यो स्वर्गबाट हो। जहाँकहिँ पनि उहाँले पठाउनुहुन्छ, त्यहाँ म जान्छु। जे पनि उहाँले भन्नुहुन्छ, म भन्छु। हामीलाई कुनै संगठन चाहिदैन। यो मण्डलीले कहिल्यै संगठनको बारेमा बोल्छ, तब तपाईले ठिक त्यहि आफ्नो पाष्टर गुमाउनुभयो। म यसको वरिपरी झुण्डिन्न, एउटा पाँच मिनेट पनि बस्दिन। हरेक मण्डली जो कहिल्यै संगठित भएको छ त्यो बीउमा पुग्यो, र एउटा नबनेको बारेमा मलाई बताउनुहोस्, र त्यो फेरी बौरी उठेको मलाई देखाउनुहोस्। पवित्र आत्मा मण्डलीलाई अगुवाई गर्नको लागि पठाईयो, कुनै पुरुषहरुको समूह होइन। पवित्र आत्मा सर्व–ज्ञान हो। मानिस चिप्लो, र तटस्थ हुन्छन्।

56 परमेश्वरले तिनीहरुलाई म एउटा मार्गदर्शक पठाउनेछु भनि भन्नुभयो, उहाँले तिनीहरुलाई बाटोमा डोर्याउनुहुनेछ। र जबसम्म तिनीहरुले त्यो आगोको खामो पछ्याए, तिनीहरु सबै सहि थिए। उहाँले तिनीहरुलाई माथि प्रतिज्ञाको देशको ढोकासम्म डोर्याउनुभयो, अनि त्यो उहाँ जान पर्ने जत्तिको टाढा थियो। तब यहोशू, त्यस महान योद्धा, त्यो दिन गर्नुहोस् जब उनले तिनीहरुलाई भने, “आफैलाई पवित्र बनाओ, तेस्रो दिन परमेश्वरले यहाँ तल यर्दनलाई खोल्नुहुनेछ र हामी पारी जानेछौ”? अब ध्यान दिनुहोस् उनले के भने (मलाई यो मन पर्छ) यो धर्मशास्त्रमा, उनले भने, “सन्दुकको पछाडि नजिकै बस, किनकि तिमीहरुले पहिले यो बाटो पार गरेका छैनौ।”

57 सन्दुक के थियो? वचन। अहिले तपाईको संगठनको बाटोहरु नहिड्नुहोस्, ठिक परमेश्वरको पछाडि बस्नुहोस्, किनकि तपाईले यो बाटो पहिले पार गर्नुभएको छैन। र, भाई, यदि त्यहाँ कहिल्यै समय भएको थियो जुन बेलामा इसाई मण्डलीले आफैलाई जाँच गर्नुपर्थ्यो भने, त्यो अहिले हो।

हामीहरु ठिक अहिले छौ जहाँ रोममा ठिक अहिले महान सभा भईरहेको छ, भिन्नताहरु बनाईदैछ। मण्डलीको परिसंघ, जब यी सबै संगठित मद्रालीहरु एक साथ पशुको प्रतिमा बनाउनको लागि एकसाथ संगठित गरिनेछ, र ठिक उस्तै जस्तो बाईबलले भनेको छ। र तपाईलाई थाहा छ हामीले सन्देशहरुमा आज बिहान के भन्यौ। र यहाँ हामी छौ, ठिक सबै ऐहले ढोकानिर, र अझै पनि मानिसहरु सिद्धान्तको पछि लागि रहेका छन्। तपाई वचनको प्– पछाडि बसेको बेस! वचनले तपाईले पारी अगुवाई गर्नेछ, किनकि वचन ख्रीष्ट हुनुहुन्छ, र ख्रीष्ट परमेश्वर हुनुहुन्छ, र परमेश्वर पवित्र आत्मा हुनुहुन्छ।

58 वचनको पछाडि बस्नुहोस्! ओ, हो, श्रीमान! त्यो मार्गदर्शकसँग बस्नुहोस्। ठिक यसको पछाडि बस्नुहोस्। यसको अगाडि नजानुहोस्, तपाई यसको पछाडि बस्नुहोस्। यसले तपाईलाई डोर्याउन दिनुहोस्, यसलाई डोर्याउने काम नगर्नुहोस्। तपाई यसलाई जान दिनुहोस्।

59 यहोशूले भने, "अब, तिमीहरुले पहिले कहिल्यै पनि यो बाटो हिडेका छैनौ, तिमीहरुलाई बाटोको बारेमा केहि पनि थाहा छैन।"

60 त्यही नै आजको समस्या हो। तपाईलाई तल फराकिलो बाटोमा मार्ग निर्देश गर्नको लागि मार्ग दर्शक चाहिदैन। ओ, तपाईलाई सबै गल्लीहरु र अरू सबै कुरा थाहा छ। तपाईलाई पापको सबै बाटो थाहा छ। त्यहाँ कुनै...ओ, तपाई यहाँ लामो समय देखि हुनुहुन्छ। त्यहाँ तपाईलाई त्यसको बारेमा भन्नको लागि कोहि पनि चाहिदैन, तपाईलाई सबै छोटो बाटोहरु थाहा छ। त्यो सहि हो, हरेक पाप, तपाईलाई यसको बारेमा सबैकुरा थाहा छ। कसरी चोर्ने भनेर तपाईलाई कसैले भन्नुपर्दैन; तपाईलाई त्यो थाहा छ। कसरी श्राप दिने भनेर कसैले भन्नुपर्दैन; तपाईलाई त्यो थाहा छ। कसैले तपाईलाई यी दुष्ट कामहरु कसरी गर्ने भनेर बताईरहनु पर्दैन, किनभने यो जताततै हरेक रुखमा चिप्काएको छ।

61 तर, याद गर्नुहोस्, तपाई मानिसहरु जो इसाई हुनुहुन्छ, तपाईले पार गर्नुभएको छ। तपाई अर्को भूमिमा हुनुहुन्छ। तपाई नयाँ गरी जन्मनुभएको छ। तपाई भूमिमा हुनुहुन्छ, एउटा स्वर्गीय देशमा। तपाई प्रतिज्ञाको देशमा हुनुहुन्छ।

62 तपाईले हेर्न सक्नुहुन्छ, तपाईलाई यहाँ वरपरको आफ्नो बाटो थाहा छ। ओ, मेरो, हो। के—के तपाईलाई थाहा छ, कसरी निश्चित हातको कार्डमा खडा हुने भनेर। के तपाईलाई पासा थाह छ, जब यो गुल्टिन्छ,

यसको अर्थ के हो, र त्यस्तै सबै। तर जब यो पवित्रता र धार्मिकता र परमेश्वरको शक्ति जान्ने कुरा आउँछ, र कसरी पवित्र आत्माले काम गर्नुहुन्छ र यसके के गर्छ, तपाई वचनको पछाडि बस्दा नै बेस हुन्छ, मार्गदर्शक। बुझ्नुभयो? तपाईले यो बाटो पहिले कहिल्यै पनि हिड्नुभएको छैन।

63 ठिक छ, तपाई भन्नुहुन्छ, "म धेरै बुद्धिमान मानिस हुँ, मसँग— मसँग कलेजको दुईवटा डिग्री थियो।" तपाईले यो बिर्सिदिएकै बेस हो। हो, श्रीमान।

64 "म सेमिनारीबाट भएर गए।" तपाईले यो बिर्सिदिएको बेस। हो। तपाई मार्गदर्शकको पछाडि बसेको बेस। उहाँले तपाईलाई डोर्याउन दिनुहोस्। उहाँलाई बाटो थाहा छ; तपाईलाई थाहा छैन। तपाईले यो बाटो पहिले हिड्नुभएको छैन। "ठिक छ," तपाई भन्नुहुन्छ, "तिनीहरुले छ।"

65 हेर्नुहोस् यदि तिनीहरुले छ भने। येशूले भन्नुभयो, "तिनीहरु जसले यो बाटो हिडे, यी चिन्हहरुले तिनीहरुलाई पच्छ्याउनेछन्। मेरो नाममा, तिनीहरुले भूतहरु धपाउनेछन्, नयाँ भाषाहरुमा बोल्नेछन्; वा सर्प समाउनेछन् वा बिषालु कुराहरु पिउनेछन्, र पनि यसले हानी गर्नेछैन। यदि तिनीहरुले आफ्नो हात बिरामीहरु माथी राखे भने, तिनीहरु निको हुनेछन्।" तिनीहरु मध्ये धेरैले यो अस्वीकार गरे, यसलाई नकारे, यो प्रेरित नै भएको छैनसम्म भने। तिनीहरुले मार्गदर्शकलाई पछ्याईरहेका छैनन्। तिनीहरु मानव–निर्मित धर्म पछ्याईरहेका छन्। तपाईले ठिक वचनको पछाडि बसेको राम्रो, किनभने तपाईले यो बाटो तर्नुभएको छैन, तपाईलाई थाहा छ।

66 तर तपाई नयाँ गरी जन्मनुभएको छ, र तपाई पवित्रतामा जन्मनुभएको छ। तपाईले यो बाटो पहिले हिड्नुभएको छैन। तपाई हिड–...यदि तपाईले यो बाटो पार गर्नुभयो, तपाई पवित्रताद्वारा आउनुपर्छ, किनभने यो एउटा नयाँ भूमि हो, एउटा नयाँ जीवन, एउटा नयाँ मानिस।

67 तपाई मण्डलीमा आउनुहुनेछ र कोहि उठेको तपाईले सुन्नुहुनेछ, कराएको, "परमेश्वरलाई महिमा हो! हाल्लेलुयाह!"

68 किन, तपाईले भन्नुहुनेछ, "मेरो, भलाई, तिनीहरुले यो मेरो मण्डलीमा कहिल्यै पनि गरेनन्! म उठेर बाहिर निस्कनेछु!" अम–हम। बुझ्नुभयो? होस् गर्नुहोस्।

69 वचनको पछाडि बस्नुहोस्, अब, मार्गदर्शकले तपाईलाई डोर्याउन दिनुहोस्। “उहाँले तपाईलाई सबै सत्यतामा डोर्याउनुहुनेछ, र मैले तिमीहरुसँग बोलेको विषयहरु प्रकट गर्नुहुनेछ। उहाँले तिमीहरुलाई त्यो देखाउनुहुनेछ। उहाँले हुन आउने कुराहरु तिमीहरुलाई बताउनुहुनेछ,” एक सच्चा मार्गदर्शक। बिशप कहाँ नजानुहोस्; मार्गदर्शक कहाँ जानुहोस्। मार्ग दर्शककोमा बाहेक अरु कसैकोमा नजानुहोस्। उहाँ नै एक हुनुहुन्छ जो तपाईलाई डोर्याउनको निम्ति पठाईनुभयो। उहाँ नै एक हुनुहुन्छ जसले यो गर्नुहुनेछ। परमेश्वरले तपाईलाई एउटा मार्गदर्शक प्रदान गर्नुभयो। परमेश्वरले प्रदान गर्नुभएको बाटो लिनुहोस्।

70 आजको समयमा यसको समस्या यो हो कि, मण्डलीमा आउने मानिसहरु केहि मिनेट मात्रै बस्छन्, त्यहाँ केहि कुरा हुन्छ जसको तिनीहरुलाई बानी छैन।

71 म एउटा सानी महिलालाई प्रशंसा गर्छु जो एउटा चिसो औपचारिक मण्डलीबाट हुन्, भर्खरै उनको निम्ति प्रार्थना गरे। परमेश्वरले सानी महिलालाई निको पार्न जाँदै हुनुहुन्छ। उनले यो बुझ्न सकिनन्। उनलाई यसको बारेमा केहि पनि थाहा थिएन। उनी भित्र आईन्, उनले भनिन् उनलाई थाहा थिएन। तर मैले उनलाई भने, “आउनुहोस् र मलाई हेर्नुहोस्।” उनी एक प्रकारको संकोचशील र पिछडीएकि थिईन्, तर मार्गदर्र्सकले उनलाई भनिराख्नुभयो, “अगाडि बढ।” उनले यो पाईन्। यहि नै हो। हेर्नुहोस्, यो पवित्र आत्माको कारणले हो जसले हामीलाई यी कुराहरुमा मार्गनिर्देश गर्नुहुन्छ। हेर्नुहोस्, परमेश्वरसँग प्रदान गर्नुभएको बाटो छ।

72 के तपाईले कहिल्यै...के तपाईले जंगली कलहंसलाई पारी गएको देख्नुभएको छ, दक्षिणतिर गईरहेको हाँसहरु? ठिक छ, अब याद गर्नुहोस्, त्यो सानो बुढो हाँस पारी कतै एउटा तलाउमा जन्मिएको थियो। उनलाई पूर्व, उत्तर, पश्चिम, र दक्षिण थाहा छैन। उनलाई त्यो क्यानडाको हिमालमा रहेको तलाउबाहेक अरु केहि थाहा छैन। ऊ त्यो तलाउबाट बाहिर आएको छकैना, तर ऊ एउटा जन्मजात नै अगुवा थियो। त्यो सानो हाँस एउटा अगुवा हुनलाई जन्मेको थियो। र पहिलो कुरा, एक रात त्यहाँ हिमालको टुप्पोबाट एउटा ठूलो हिउँ आयो। के हुन्छ? त्यो चिसो हावा त्यतैबाट ओर्लिन्छ। ऊ काँपिरहेको म कल्पना गर्न सक्छु, भन्दैछ, “आमा, यसको

मतलब के हो?" हेर्नुहोस्, उसले पहिले कहिल्यै त्यस्तो चिसो मौसम महसूस गरेको थिएन। उसले चारैतिर याद गर्न थाल्यो, उसले तलाउको किनारमा याद गर्न थाल्यो, यो जम्न थाल्यो, बरफ तलाउमा आउदैछ। उसलाई थाहा छैन, तर अचानक...उनी त्यो हाँसको बथानको मार्गदर्शक बन्न जन्मिएको थियो। यसले उसलाई प्रहर गर्दा ऊ त्यो तलाउको बिचमा हाम फाल्नेछ। तपाईले जे भन्न चाहनुहुन्छ त्यो भन्नुहोस्। हामीले यसलाई प्रेरणा भन्छौ, वा तपाईले भन्न सक्नुहुन्छ, ओ, केवल सुबुद्धि, जे पनि होस्। ऊ ठिक तलाउको बीचमा जानेछ, त्यो सानो चुँच हावामा अड्काउछ, र जान्छ, "हंक-हंक, हंक-हंक!" र तलाउमा भएको हरेक हाँस ठिक ऊ भएको ठाउँमा आउनेछन्। किन? तिनीहरुलाई आफ्नो अगुवा थाहा छ, उसले कराउछ तरिकाबाट थाहा हुन्छ।

73 "यदि तुरहीले अनिश्चित आवाज दिन्छ, कसले आफैलाई युद्धको निम्ति तयार पार्न सक्छ?" सहि हो। कसले आफैलाई युद्धको तयारीमा राख्न सक्छ यदि तुरहीले अनिश्चित आवाज दिन्छ भने?

74 ठिक छ, यदि त्यो सानो हाँसले अनिश्चित आवाज दिन्छ भने, कसले उसलाई उडानको लागि तयार गर्नेछ? त्यो सानो पुरानो हाँसले आफ्नो सानो चुँच त्यहाँ बाहिर राख्छ, र कराउँछ, "हंक-हंक, हंक-हंक!" र हरेक साना हाँसहरु ऊकहाँ आउँछ। "हंक-हंक, हंक-हंक!" यहाँ तिनीहरु छन्। तिनीहरुको यस्तो जयन्ति हुनेछ, ठिक त्यहाँ तलाउको बीचमा, केवल यताउता घुमेको घुमेकै गरेर। केहि समय पछि उसमा यो चलिरहेको महसूस गर्छ, उसले छोड्न पर्छ। उसले आफ्नो सानो पखेटा खोल्छ र त्यो तलाउबाट उड्छ, माथि हावामा उड्छ र चार वा पाँच पटक घुम्छ, र उसले जान सकेको जति बलले सिधा लुईजियानामा जान्छ, सबै हाँस ठिक उसको पछि जान्छ। "हंक-हंक, हंक-हंक," यहाँ ऊ आउँछ। किन? ऊ एउटा मार्गदर्शक हो। आमेन! हाँसहरुलाई आफ्नो मार्गदर्शक थाहा छ, मण्डलीलाई थाहा छैन। हो, के गर्ने उहाँलाई थाहा छ।

75 ती पुराना कलहंसहरुलाई हेर्नुहोस्, अलास्काको प्लम्बबाट। अब, त्यहाँ एउटा पुरानो ग्यान्डर सधै तिनीहरुलाई अगुवाई गर्छ, र ती कलहंसहरुले त्यो ग्यान्डरलाई राम्ररी हेर्नुपर्छ। तिनीहरुलाई त्यो ग्यान्डरले के को बारेमा बोलिरहेको थाहा हुनुपर्छ। के तपाईले चार वर्षअघि यहाँको *लुक* पत्रिकामा त्यो पढ्नुभएको थियो, जहाँ बुढो ग्यान्डरलाई के गरिरहेको छु भन्ने थाहा

थिएन? अनि उसले कलहंसको झुण्डलाई बेलायतमा पुर्यायो। त्यो सहि हो। तिनीहरु पहिले कहिल्यै बेलायतमा भएको थाहा थिएन। किन? तिनीहरुले कहिल्यै पनि आफ्नो अगुवालाई—ध्यान दिएनन्। त्यो बुढो ग्यान्डरलाई आफू कहाँ गईरहेको छु थाहा थिएन। र अब तिनीहरु त्यहाँ छन् र फर्केर आउन सक्दैनन्।

76 त्यहि नै आज यी धेरै कलहंसहरुसँग नि भएको छ, तिनीहरु अझै पनि झुण्ड बनाएर बस्छन्। तिनीहरु भन्छन्, कि *लुक* पत्रिकाले भन्यो, यी कलहंसहरु झुण्ड बनाउँछन् र बेलायतमा उड्छन्, तर तिनीहरुलाई फर्केर कसरी आउने थाहा छैन। मैले थाहा पाएको *कलहंसहरु* मध्ये केहिमा त्यहि नै छ। तपाईसँग झुण्ड छ, र एउटा ठूलो लचिलो सभा, र केहि जागृति गर्ने आउँछ र केहिबेर प्रचार गर्छ, तर तपाईलाएई थाहा छैन तपाई कहाँ जाँदै हुनुहुन्छ भनि। झुण्ड बनाउदै र घुम्दै, किनभने तपाईसँग साम्प्रदायिक होडमा अगुवाई गर्ने कोहि ग्यान्डर छ; र परमेश्वरको वचनमा फर्काउदैन, पवित्र आत्माको बप्तिष्मामा फर्काउदैन। र त्यसपछि हामीले हाम्रो दिनहरुमा किन जागृति पाएनौ भनि अचम्मित मान्छौ। अम–हम। बुझ्नुभयो? तपाईले त्यो निश्चित आवाज पाउनुपर्छ! त्यो आवाज सुसमाचारको तुरही हो जसले सुसमाचार दिन्छ, परमेश्वरको हरेक वचन। कुनै धर्म होइन, कुनै संगठन होइन; तर बाईबल, पवित्र आत्मा। “विश्वास गर्नेहरुमा यो चिन्ह हुनेछ।” बुझ्नुभयो? र त्यहाँ तिनीहरु तल बाटोमा जान्छन्।

77 एउटा बुढो ग्यान्डर एकपटक, तिनीहरुले भने, एक झुण्ड मरे, अन्धकारबाट उडाएर ल्याउने प्रयासमा, ऊ, आफैलाई कहाँ जाँदैछु भन्ने थाहा थिएन, र तिनीहरु सबै पहाडमा ठोक्किए, र ती मध्ये केहि विच्छेदन भए, फुटे। निश्चय नै! तिनीहरुले आफ्नो निश्चित आवाज जान्नुपर्छ। त्यो सानो बुढो हाँस, यदि उससँग निश्चित आवाज छ र सबैलाई यो थाहा छ भने, तिनीहरुसँग थोरै झुण्डको जयन्ती छ र टाढा तिनीहरु दक्षिणतिर जान्छन्। तिनीहरु त्यहाँ तल केको लागि जान्छन्? जहाँ यो चिसो छैन।

78 अब, यदि पर्मेश्व्वरले हाँसलाई चिसोबाट कसरी बच्ने भनि पर्याप्त विवेक दिनुहुन्छ भने, कति धेरै झन उहाँले मण्डलीलाई दिनुपर्थ्यो? यदि एउटा हाँसले त्यो सुबुद्धिले गर्न सक्छ भने, पवित्र आत्मा मण्डलीमा हुँदा के हुन्छ? यसले हामीलाई पुरानो औपचारिकता र पन्थहरु र चिजहरुबाट डोर्याएर, एउटा महिमा, पवित्र आत्माको अद्भूत बप्तिष्मामा लानुपर्छ। यसले

सद्गुण, ज्ञान, धैर्यता, भक्ति, र पवित्र आत्मा ल्याउछ। त्यो नै सच्चा मार्गदर्शकले डोर्याउछ, किनकि उहाँले अरु केहि नभएर सुसमाचारको श्वास फेर्नुहुन्छ, केवल परमेश्वरको वचन। निश्चय नै, तपाईलाई एउटा मार्गदर्शक चाहिन्छ!

79 जब, बुद्धिमान मानिसहरु, तिनीहरुलाई परमेश्वरको बारेमा केहि पनि थाहा थिएन। तिनीहरु—तिनीहरु जादू–गर्ने, जादूगरहरु थिए। तिनीहरु पारी पूर्वमा थिए। तपाईलाई थाहा छ, बाईबलले भनेको छ, “हामीले उहाँको तारा पूर्वमा देख्यौ, उहाँलाई पूजा गर्न आएका छौ।” तिनीहरु पश्चिमबाट थिए, तिनीहरु पूर्वमा हेरे र उहाँको तारा देखे...वा पश्चिममा हेरे, तिनीहरु पूर्वमा थिए। “हामीहरु पूर्वमा थियौ, हामीले उहाँको तारा पश्चिममा देख्यौ।” बुझ्नुभयो? “हामीले उहाँको तारा पूर्वमा देख्यौ।” र, हेर्नुहोस्, तिनीहरु पूर्वमा थिए। “जब हामीहरु पूर्वमा थियौ हामीले तारा देख्यौ, र हामीहरु उहाँलाई दण्डवत गर्न आएका छौ।”

80 मैले ती साथीहरु तयार हुँदै गरेको कल्पना देख्न सक्छु। म कल्पना गर्न सक्छु ती मध्ये एउटाको पत्नीले उनलाई भनेको, भनिन्, “भन्यो, सबै कुरा पोको पार्यो, तर तपाईको कम्पास कहाँ छ?”

उसले भन्यो, “म—म यो पाली कम्पास प्रयोग गर्नेवाला छैन।”

81 भनिन्, “त्यो डाँडाहरु पारी तपाई कसरी जानेवाला हुनुहुन्छ?” याद गर्नुहोस्, उनीहरुले टिग्रिस नदी तर्नुपर्थ्यो अनि सम्म ठाउँहरुबाट तल भएर आउनुपर्थ्यो, र...किन, तिनीहरुसँग ऊँटमा दुई वर्षको यात्रा थियो। तिनीहरु यो कसरी गर्न जाँदैछन्? भनिन्, “ठिक छ, तपाईले कम्पास समेत लिनुहुन्न।”

भन्यो, “अह।”

“तपाई कसरी जाँदै हुनुहुन्छ?”

82 “म परमेश्वरले प्रदान गर्नुभएको बाटोमा जाँदैछु। परको त्यो ताराले मलाई त्यो राजाकहाँ लैजान जाँदैछ।” त्यहि नै हो।

83 “हामीले उहाँको तारा पूर्वमा देख्यौ, र उसलाई यहाँ पश्चिमसम्ममा पछ्यायौ, उहाँको दण्डवत गर्न। उहाँ कहाँ हुनुहुन्छ?” तिनीहरुले परमेश्वरद्वारा प्रदान गरिएको बाटो पछ्याए। केहि बेर उनीहरु त्यहाँ पन्थको झुण्डमा बाँधिए। तिनीहरु यरूशलेममा आए र सडकको तल र माथि

जान थाले, यी सुन्दर पोशाक लाएका मानिसहरु, यसो भन्दै, "उहाँ कहाँ हुनुहुन्छ? उहाँ यहूदीहरुका राजा कहाँ जन्मनुभएको छ?" ठिक छ, त्यो शिर थियो, त्यो यरूशलेम थियो। निश्चय नै ठूला मण्डलीलाई यसको बारेमा थाहा हुनुपर्छ। "उहाँ कहाँ हुनुहुन्छ? उहाँ यहूदीहरुका राजा कहाँ जन्मनुभएको छ? हामीले उहाँको तारा पूर्वमा देख्यौ, हामी उहाँलाई दण्डवत गर्न आएका छौ। उहाँ कहाँ हुनुहुन्छ?"

84 किन, तिनीहरु *फलाना–र–फलाना* पाष्टर र *फलाना–र–फलाना* मूख्य पूजारी कहाँ गए, ती मध्ये कसैलाई पनि यसको बारेमा थाहा थिएन। "किन, त्यहाँ एक जना यहूदीका राजा जन्मनुभएको छ, उहाँ कहाँ हुनुहुन्छ?" तिनीहरुलाई थाहा थिएन।

85 तर त्यहाँ डाँडाको छेउमा गोठालाहरुको झुण्ड थियो तिनीहरुसँग केहि समय मात्रै थियो, हो, श्रीमान, किनभने तिनीहरु परमेश्वरले प्रदान गर्नुभएको बाटोमा आएका थिए।

86 त्यसैले तिनीहरु त्यहि वरिपरी बसे, र सिधै उनले भने, "हामीले के गर्नुपर्छ म भन्छु, हामीले समितिको बैठक बस्नुपर्छ।" त्यसैले तिनीहरुले महासभामा बोलाए, र—र तिनीहरुले यसको बारेमा केहि सुनेका छन् कि भनेर सोचे। "छैन, हामीलाई यसको बारेमा केहि पनि थाहा छैन।"

87 आज पनि त्यहि नै कुरा हो। तिनीहरुलाई यो मार्गदर्शकको बारेमा केहि पनि थाहा छैन, यो पवित्र आत्मा जसले चंगाई गर्नुहुन्छ, भर्नुहुन्छ, फेरी आउदै हुनुहुन्छ। मार्गदर्शक जसले हामीलाई यी सबै घटनाहरु बताउनुभयो जुन भयो, हामीहरु ठिक त्यसको बीचमा छौ। हृदयका विचारहरु जान्ने प्रभेदी; तिनीहरुलाई त्यसको बारेमा केहि पनि थाहा छैन, तिनीहरुले यसलाई मानसिक पागलपन वा केहि त्यस्तै भन्छन्। तिनीहरुलाई यसको बारेमा के भन्ने भनेर थाहा छैन।

88 त्यसैले, तपाई देख्नुहुन्छ, यी ज्योतिसीहरु, जबसम्म...याद गर्नुहोस्, जब तिनीहरु यरूशलेममा प्रवेश गरे, तारा हरायो। र जबसम्म तपाईलाई ईश्वरमा डोर्याउनको लागि धर्म र संगठनका मानिसको खोजि गर्नुहुन्छ, परमेश्वरको मद्दतले तपाईलाई छोड्नेछ। तर जब तिनीहरु बिमार भए र यसबाट थकित भए, र तिनीहरुलाई छोडे, ती यहूदीहरुको धर्म र संगठनहरुलाई छोडे, र यरूशलेमबाट बाहिर गए, तब फेरी तारा देखा पर्यो र तिनीहरुले असाध्यै आनन्द मनाए। तिनीहरुले फेरी मार्गदर्शकलाई देखे!

ओ, यो कसरी भयो, कुनै पुरानो चिसो औपचारिक मण्डलीमा जानुहोस्, त्यसपछि एउटा जलन्त आगो वाला राम्रोमा फर्कनुहोस्, मार्गदर्शकले अगुवाई गर्नुभएको हेर्नुहोस्, यो कति भिन्न हुन्छ! हो, "हामीले उहाँको तारा पूर्वमा देख्यौ र उहाँलाई दण्डवत गर्न आएका छौ।"

89 यहोशूले तिनीहरुलाई भने, "अब तिमीहरुले सन्दुकलाई पछ्याओ, किनकि तिमीहरु यो बाटो पहिले कहिल्यै आएका छैनौ।" परमेश्वरले त्यो सन्दुकलाई सहि बाहेक अन्य कुनै ठाउँमा जाने अनुमति दिनुहुन्न। सबैले यसलाई पछ्याए, र यो ठिक यर्दन पारी गयो।

90 आज नि यहि हो, पवित्र आत्माद्वारा। हो, श्रीमान। हामीलाई थाहा भएको एउटा मात्रै कुरा, चाहे यो पवित्र आत्मा होस् या नहोस्, हामीले प्रकट देख... यसको प्रकटीकरण, प्रकटीकरणले परमेश्वरको वचनको प्रमाण दिन्छ।

91 अब, धेरै समय भएको छैन, दाजुभाईका झुण्डसँग रगत र तेल थियो, र त्यो सहि नै छ यदि उहाँहरु त्यो तरिकामा गर्न चाहनुहुन्छ भने। म...त्यो मेरो लागि चाहि प्रमाणीकरण होइन। यो एउटा धर्मशास्त्रीय प्रमाणीकरण हो, हेर्नुहोस्, जबसम्म यसले परमेश्वर भन्नुभएको कुरा प्रमाणित गर्छ, त्यो एकदम ठिक छ। तिनीहरुले बहने, "यहि नै कारणले पवित्र आत्मा तपाईले पाउनुभयो, तपाईको हातमा तेल छ।" अब, म—म त्यसको लागि जान सक्दिन। बुझ्नुभयो? होइन, म विश्वास गर्दिन कि तेलको यससँग केहि सम्बन्ध छ भनेर। र यदि त्यो रगतले निको पार्न र मुक्ति दिन जाँदैछ भने, येशू ख्रीष्टको रगतलाई के भयो? यदि त्यो तेलले निको पार्छ भने, उहाँको घाउले के भयो त? बुझ्नुभयो? बुझ्नुभयो?

92 मलाई मार्गदर्शक आएको मन पर्छ, जसले तपाईलाई वचनको सत्यतामा ल्याउदछ, त्यसपछि तपाई शून्य पारिएको थाहा हुन्छ र तपाई त्यो गिन्तीको लागि तयार हुनुहुन्छ। त्यो सहि हो, टाढा उड्नको लागि तयार हुँदै। हो, श्रीमान। हो, किनभने किन? मार्गदर्शक नै एक हुनुहुन्छ जसले यसलाई वास्तविक बनाउछ।

93 मसँग यहाँ एउटा धर्मशास्त्र छ, मैले यी धर्मशास्त्रहरु दिए, तर म यो एउट पढ्न चाहन्छु। यो दोस्रो पत्रुस, १ अध्याय, २१ औ पद हो।

> *किनकि...किनकि पुरानो* समयमा *मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्मा* बाट *प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।*

94 अगमवाणी कसरी आयो? मानिसको इच्छाले, संगठित धर्मले होइन; तर परमेश्वरको इच्छाले, जब पवित्र मानिसहरु पवित्र आत्माद्वारा उत्प्रेरित भए। उहाँ सधै परमेश्वरको मार्गदर्शक हुनुहुन्थ्यो। त्यो पवित्र आत्मा आगोको खामोको रूपमा हुनुहुन्थ्यो, त्यो पवित्र आत्मा हुनुहुन्थ्यो, कुनै पनि मानिसलाई त्यो ख्रीष्ट हुनुहुन्थ्यो भन्ने थाहा थियो। मोशाले मिश्रलाई त्यागे, मिश्रको भन्दा ख्रीष्टको निन्दालाई ठूलो धन ठाने। ख्रीष्ट नै एक हुनुहुन्थ्यो। ठिक छ, जब तिनीहरु त्यहाँ उभेर भने, "ठिक छ, तपाई भन्नुहुन्छ तपाई... किन, तपाई पचास वर्ष भन्दा बढि हुनुहुन्न, र तपाई भन्नुहुन्छ तपाईले अब्राहामलाई देख्नुभयो?"

95 उहाँले भन्नुभयो, "अब्राहाम हुनु अघि, म छु।" म हुँ नै एक हुनुहुन्थ्यो जसले मोशालाई आगोको खामोको रूपमा झालिरहेको पोथ्रामा भेट्नुभयो। हो, श्रीमान। उहाँ परमेश्वर देहधारी हुनुभयो। अर्को तेस्रो व्यक्ति हुनुहुन्न; उही व्यक्ति भिन्न कार्यभारमा हुनुहुन्थ्यो। कुनै तिन परमेश्वरहरु होइनन्; एक परमेश्वरको तिन कार्यभारहरु हो। सहि हो।

96 ठिक छ, अब, धर्मशास्त्र। सधै, जब परमेश्वरले प्रदान गर्नुहुन्छ, उहाँले सर्वोत्तम प्रदान गर्नुहुन्छ। जब परमेश्वरले आफ्नो मण्डलीलाई सुदृढ पार्ने बाटो दिनुभयो, उहाँले उत्तम प्रदान गर्नुभयो। जब उहाँले आदम र हव्वालाई, अदनको बगैँचामा, जे दिनुभयो त्यो उहाँको वचन थियो। "तिमीहरु यो वचनको पछाडि बस, र तब तिमीहरु सुरक्षित रहन्छौ। तर यदि तिमीहरु यसबाट बाहिर हुन्छौ भने, जुन दिन तिमीहरुले यसबाट खानेछौ त्यस दिन तिमीहरु मर्नेछौ।" परमेश्वरले आफ्नो रणनीति कहिल्यै पनि परिवर्तन गर्नुभएको छैन। र शैतानले कहिल्यै पनि आफ्नो तरिका परिवर्तन गरेको छैन; त्यो कसरी आदम र हव्वाकहाँ पुग्यो, त्यसरी नै त्यो आज तिनीहरुकहाँ पुग्छ। किन? यसमा तर्क गर्न खोजेर। "अब, यो व्यावहारिक कि परमेश्वरले यो गर्नुहुन्न। ओ, परमेश्वरले भन्नुभएको छ," शैतानले भन्यो, "निश्चय नै पवित्र परमेश्वरले यो गर्नुहुन्न।" साचै नै उहाँले गर्नुहुन्छ, किनभने उहाँले गर्छु भनि भन्नुभएको छ!

97 र त्यहि नै आज मानिसहरुले भन्छन्, "ओ, अब पर्ख! अब तिमीले यो विश्वास गर्दैनौ, यदि म मण्डली जान्छु र मेरो दशांश तिर्छु, र म यो गर्छु, अर्को गर्छु, परमेश्वरले मलाई त्यहाँ तल फालिदिनुहुनेछ?" जबसम्म मानिस नयाँ गरी जन्मदैन, उसले परमेश्वरको राज्य समेत बुझ्नेछैन!

बुझ्नुभयो? कुनै बहाना छैन! “ठिक छ, गरीब बुढो पुरुष, गरीब बुढी महिला, त्यहाँ एउटा असल पुरानो प्राण छ।” तिनीहरुले परमेश्वरलाई देख्नसक्ने एकमात्रै तरिका, नयाँ गरी जन्मने हो। त्यहि नै हो। कति सानो छ मलाई वास्ता छैन, कति बुढो, कति जवान, तिनीहरुले के गरे, तिनीहरु कत्तिको मण्डलीमा गए, कति धेरै संगठित मण्डलीहरु तिनीहरुले चिन्छन्, कतिको धर्म तिनीहरुले जप्न सक्छन्। तपाई नयाँ गरी जन्मनु पर्छ होइन भने तपाईको जग नै छैन, शुरू गर्नको लागि। त्यो एकदम सहि हो।

98 त्यसैले, तपाई देख्नुहुन्छ, तपाईलाई मार्गदर्शक चाहिन्छ। तपाईलाई उहाँले सत्यतामा डोर्याउनुहुन्छ, र सत्यता वचन हो। उहाँले तपाईलाई मार्गनिर्देश गर्नुहुन्छ। र यो सधै भएको छ। परमेश्वरले कहिल्यै पनि के पनि परिवर्तन गर्नुपर्दैन, किनकि उहाँ असीम हुनुहुन्छ र के उत्तम छ सो उहाँलाई थाहा छ। उहाँ सर्वव्यापी, सर्वज्ञानी, उहाँ—उहाँ सर्वेसर्व हुनुहुन्छ। यो सहि हो, परमेश्वर हुनुहुन्छ, त्यसैले उहाँ बद्लिन पर्दैन। ठिक छ।

99 उहाँले तपाईलाई अगुवाई गरिरहेको बाटोको उहाँ सल्लाहकार हुनुहुन्छ। पवित्र आत्मा, मार्गदर्शक, नै उही वचनको पुष्टिकर्ता हुनुहुन्छ जुन उहाँले सिकाउदै हुनुहुन्छ। अब, लूका मार्गदर्शकद्वारा अगुवाई गरिएका थिए, यो भन्न, “तिमीहरु सारा संसारमा जाओ, सबै प्राणीलाई सुसमाचार प्रचार गर। विश्वास गर्ने र बप्तिष्मा लिनेले उद्धार पाउनेछ, विश्वास नगर्ने चाहि दोषी ठहरिनेछ। विश्‍वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्; मेरो नाममा तिनीहरुले भूतहरु धपाउनेछन्, अन्यभाषाहरुमा बोल्नेछन्, सर्प समात्ने छन्, विषालु कुराहरु पिउनेछन्, बिरामीहरुमा हात राख्नेछन् र तिनीहरु निको हुनेछन्।” र बाईबलले त्यो भनेको छ, “तिनीहरु जताततै गए,” मार्गदर्शकद्वारा अगुवाई भए, तपाईलाई थाहा छ, “वचन प्रचार गरे, चिन्हहरु तिनीहरुमा रह्यो।” यो के थियो? त्यो सत्य हो भनि मार्गदर्शकले प्रमाणित गर्दै हुनुहुन्थ्यो।

100 त्यो परमेश्वरको निती थियो। त्यो तरिकामा यो राखिएको थियो। त्यो उहाँको कार्यक्रम हो; उहाँ यसबाट परिवर्तन हुन सक्नुहुन्न, किनकि उहाँ अथाह हुनुहुन्छ। आमेन। उहाँ यसबाट बद्लिन सक्नुहुन्न; उहाँ परमेश्वर हुनुहुन्छ। म बद्लिन सक्छु; म एक मानिस हुँ। तपाई बद्लिन सक्नुहुन्छ; तपाई एक पुरुष वा महिला हुनुहुन्छ। तर परमेश्वर बद्लिन सक्नुहुन्न। म सिमीत छु; मैले गलत गर्न सक्छु र गलत बोल्न सक्छु, हामी सबैले

सक्छौ। तर परमेश्वरले सक्नुहुन्न, र परमेश्वर हुनुहुन्छ। उहाँको पहिलो निर्णय सिद्ध छ। जुन तरिकामा परमेश्वरले दृश्यमा व्यवहार गर्नुहुन्छ, त्यहि नै तरिकामा परमेश्वरले हरेक पटक व्यवहार गर्नुपर्छ। यदि एउटा पापीलाई बचाउनको निम्ति उहाँलाई दृश्यमा बोलाईयो भने, उहाँले उसलाई एउटा कुराको आधारमा बचाउनुहुन्छ। अर्को पटक एउटा पापी आउँछ, उहाँले उही तरिकामा व्यवहार गर्नुपर्छ, नभए उहाँले पहिलो पटक व्यवहार गर्दा गलत व्यवहार गरको हुनुपर्छ। आमेन। म उहाँलाई प्रेम गर्छु। मलाई थाहा छ यो सत्य हो।

101 म तिर्पन्न वर्षको छु, यहाँनिर साढे तेह्र वर्ष प्रचार गरेको छु, मैले यो असफल भएको कहिल्यै देखेको छैन। मैले संसारभरी सात पटक जाँच भएको, सबै खालका धर्महरु र सबैकुराहरुमा देखेको छु, लगभग एकपटकमा पाँच लाख मानिसको अगाडि, र यो कहिल्यै पनि असफल भएको छैन। म कुनै पुस्तकबाट बोल्दिन, म आफ्नो व्यक्तिगत अनुभवबाट बोल्दैछु, कि मलाई थाहा छ कि परमेश्वर उहाँको वचन पछाडि खडा हुनुहुन्छ र यसलाई आदर गर्नुहुन्छ। अब, यदि तपाईसँग कुनै खालको धर्म छ भने, तपाईले त्यसमा ख्याल गरेको राम्रो। तर पवित्र आत्माले उहाँको वचनको समर्थन गर्नुहुन्छ।

102 सन्त यूहन्नामा, पहिलो अध्याय र पहिलो पद, उनले उहाँ वचन हुनुहुन्छ भने, उहाँ मार्गदर्शक हुनुहुन्छ: "आदीमा वचन थियो, वचन परमेश्वरसंग थियो, र वचन नै परमेश्वर हुनुहुन्थ्यो। र वचन देहधारी हुनुभयो र हाम्रो माझमा वास गर्नुभयो।" मेरो!

103 पत्रुसलाई यो भन्नलाई अगुवाई भयो, प्रेरित २:३८ मा, पवित्र आत्मा कसरी प्राप्त गर्ने, उनले भने, "पश्चाताप गर, तिमीहरु प्रत्येकले, त्यसपछि उनले पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाममा बप्तिष्मा लो, र त्यसपछि मार्गदर्शकले त्यसबाट अगाडि लानुहुनेछ।" हो, त्यही नै गर्ने कुरा हो। पहिलो, आफ्ना पापहरुको पश्चाताम गर, तिमीहरुको अविश्वास, कि तिमीहरुले यी कुराहरु विश्वास गरेनौ। पश्चाताप गर, त्यसपछि बप्तिष्मा लेओ, र त्यसपछि मार्गदर्शकले तिमीहरुलाई अगाडि बढाउनुहुन्छ। हेर्नुहोस्, त्यो तपाईको कर्तव्य हो। पश्चाताप गर्ने तपाईको कर्तव्य हो। बप्तिष्मा लिने तपाईको कर्तव्य हो। त्यसपछि त्यसबाट अगाडि बढाउने यो मार्गदर्शकको कर्तव्य हो, तपाईलाई सद्गुणबाट ज्ञान, संयम, धैर्यता, भक्ति, अनि भातृ

प्रेममा डोर्याउनुहुन्छ, अनि पवित्र आत्माले तपाईलाई छाप लगाउनुहुन्छ। बुझ्नुभयो? त्यसपछि तपाई परमेश्वरको पूर्ण कद हुनुहुन्छ, परमेश्वरको एउटा सच्चा पुरुष, एउटा परमेश्वरको सच्चा महिला, ख्रीष्टमा जोडिएको। मलाई त्यो मन पर्छ, त्यो ख्रीष्टमा जोडिएको।

104 हो, मर्कूस पवित्र आत्माद्वारा अगुवाई भएका थियो, मर्कूस १६ को लागि, अवश्य पनि।

105 यूहन्नाले प्रकाशको पुस्तक लेख्दा अगुवाई भएका थिए। उनी मार्गदर्शकद्वारा अगुवाई भएका थिए। उनी यो भन्नको लागि पनि मार्गदर्शकद्वारा अगुवाई भएका थिए, "जसले यहाँबाट एउटा शब्द पनि निकाल्छ, वा एउटा शब्द थप्छ, त्यसलाई जीवनको पुस्तकबाट, त्यसको भाग, निकालिनेछ।

106 अब, कसरी तपाईले परमेश्वरको वचनको विकल्पमा कुनै कुरा राख्न सक्नुहुन्छ, र अझै पनि भन्न सक्नुहुन्छ कि तपाई पवित्र आत्माद्वारा डोर्याईनुभएको छ? यसले अर्थ राख्दै, राख्छ र? होइन, श्रीमान। यसले राख्दैन।

107 जीवनभरी उहाँ मेरो मार्गदर्शक हुनुभएको छ। उहाँले मलाई जीवनको लागि अगुवाई गर्नुभएको छ। उहाँ नै एक हुनुहुन्छ जसले मलाई जीवनमा अगुवाई गर्नुभयो, र उहाँ मेरो जीवन हुनुहुन्छ। उहाँ बिना मसँग जीवन छैन। उहाँ बाहेक मलाई केहि चाहिदैन। उहाँ नै मेरो सर्वेसर्व हुनुहुन्छ। मेरो संकटको बेलामा, उहाँ मेरो साथ उभिनुहुन्छ। हिजो उहाँले मलाई आशिष दिनुभयो, आज तिनीहरुले उही गरे। मैले के अपेक्षा गर्नसक्छु? उही नै सधै, उहाँको नामको प्रशंसा होस्! आमेन। हो, श्रीमान। उहाँले यो प्रतिज्ञा गर्नुभयो। उहाँले यो गर्नुहुनेछ। उहाँ मेरो जीवन हुनुहुन्छ, उहाँ मेरो मार्गदर्शक हुनुहुन्छ, सर्वेसर्व। मैले उहाँलाई भरोसा गरे। मैले केहि कठिन परिक्षाहरु भोगेको छु। म जहाँकहिँ जाँदा पनि उहाँलाई भरोसा गर्छु। म तपाईले यो गरेको चाहन्छु। यदि तपाई समान धुन जानुहुन्छ भने, तपाई महिलाहरु, उहाँलाई भरोसा गर्नुहोस्। यदि तपाई तल शहरमा जानुहुन्छ भने, उहाँलाई भरोसा गर्नुहोस्।

108 मैले एक पटक पाएँ जहाँ मैले सोचे कि म राम्रो काठको काम गर्ने मान्छे हुँ, तपाईलाई थाहा छ, मैले धेरै शिकार गरे। मैले सोचे, "म मूर्ख हुन सक्दिन, कैसले पनि...तपाईले मलाई गुमाउन सक्नुहुन्न। मेरी आमा

आधा इन्डियन हुनुहुन्थ्यो, र मलाई त्यो मन पर्छ। ओ, मेरो! तपाईले मलाई जंगलमा हराउने बनाउनसक्नुहुन्न, म कहाँ छु मलाई थाहा हुन्छ।"

109 र मेरो हनिमूनको पछि, मैले एक तरिकाले श्रीमतीलाई छक्काए, मैले उनलाई भने, "तिमीलाई थाहा छ, प्रिय, हामीले अक्टुबर तेईसमा बिहे गर्नु हाम्रो लागि राम्रो हुन्छ।" निस्सन्देह, त्यहि नै समयमा गर्नको लागि मलाई परमेश्वरले भन्नुभएको थियो।

110 अनि मैले भने, "अब, सानो हनिमूनको लागि, मैले मेरो पैसा बचाए, र म उनलाई नाईयाग्रा झर्नामा लानेछु, र त्यहाँ एडीरोन्डाकमा गएर थोरै शिकार गर्नेछु।" बुझ्नुभयो? त्यसैले मैले उनलाई र बिल्लीलाई लागे, ऊ एकदम सानो केटा थियो। र त्यसैले मैले उनलाई हनिमूनमा लानुपर्थ्यो, र एउटा शिकारको यात्रामा, पनि थियो, तपाईलाई थाहा छ। त्यसैले—त्यसैले मैले यो गर्नको लागि राम्रो कुरा हो भनि सोचे। र त्यसैले मैले उनलाई माथि लगे, र...

111 र मैले श्रीमान. डेन्टनलाई लेखे, बन पाले। र हामीहरु माथि हुरिकेन माउन्टेनमा जाँदैथियौ। र मैले भने, "श्रीमान. डेन्टन, म माथि आउदै छु, यो आउने पतझरमा तपाईसँग केहि भालु शिकार गर्न चाहन्छु।"

112 र उहाँले भन्नुभयो, "हुन्छ, बिल्ली, माथि आउ।" त्यसैले उहाँले भन्नुभयो, "म त्यहाँ माथि *फलाना–फलाना* मितिमा हुनेछु।" ठिक छ, श्रीमती र म एक दिन अगाडि त्यहाँ पुग्यौ, र बिल्ली, र त्यसैले कक्ष ताला लागेको थियो। त्यहाँ काठमा थोरै लेट्न मिल्ने ठाउँ थियो।

113 जहाँ, भाई फ्रेड सोथमन र म त्यहाँ पुगे धेरै भएको छैन र त्यहाँ उभिएका थियौ। पवित्र आत्मा, मैले उहाँले त्यहाँ उभिरहेको देखे, झाडीमा त्यो पहिलो उज्यालो वरपर चलिरहको थियो, र फ्रेड ठिक त्यहाँ उभिरहनुभएको थियो। उहाँले भन्नुभयो, "यतातर्फ आउनुहोस्, म तपाईसँग कुरा गर्न चाहन्छु। भोलि," भन्नुभयो, "सावधान रहनुहोस्, तिनीहरुले तपाईको लागि पासो राख्छन्।" भन्नुभयो, "सचेत रहनुहोस्!" के त्यो सहि हो, भाई फ्रेड? र म गए र सयौ मानिसहरुलाई त्यो रातमा भने, यहाँ पारी भर्मोन्टमा, मैले भने, "त्यहाँ मेरो लागि पासो राखिएको छ; म यो हेर्न जाँदैछु। मलाई थाहा छैन यो कहाँ छ।" र ठिक अर्को रातमा, त्यहाँ यो आउँछ, त्यहाँ यो थियो। भन्नुभयो, "राखिएको पासो यहाँ छ।" हो, श्रीमान। तर पवित्र आत्माले के गर्ने भनेर मलाई डोर्याउनुभयो। र, ओ, मेरो, त्यो बस ठिक

थियो! ओ, तपाईहरु धेरैलाई थाहा छ त्यो के थियो भनेर। मसँग यो भन्नको लागि समय छैन।

114 तर त्यहाँ त्यस ठाउँमा त्यस समयमा उभिदा, त्यस दिन यो चिसो हुन थाल्यो। श्रीमान. डेन्टन अर्को दिन आउदै हुनुहुन्थ्यो, मैले भने, "तपाईलाई थाहा छ, प्रिय, यदि मैले घर लानको लागि एउटा—एउटा ठूलो हरिण पाए राम्रो हुनेछ।" मैले भने, "हामीले गर्यौ...मैले यी पैसाहरु बचाउन पर्यो, र हामी भर्खरै विवाहित भएका छौ।" र मैले भने, "आज अलिकति शिकार पाएको भए हामीले हाम्रो जाडोको मासु पाउँछौ।"

115 र उनले भनिन्, "ठिक छ, अगाडि बढ्नुहोस्, बिल्ली।" भनिन्, "अब, तपाईलाई याद छ, म यो जंगलमा कहिल्यै पनि आएको थिईन," उनले भनिन्। उनी करिब पहाडमा पच्चीस मिल माथि थिईन्, तपाईलाई थाहा छ, र उनले भनिन्, "मलाई यसको बारेमा केहि पनि थाहा छैन।" र उनले भनिन्, "त्यसैले म..."

116 मैले भने, "ठिक छ, अब, याद गर्नुहोस्, यो दुई वर्ष अगाडि थियो जुन बेला मैले ती तिनवटा भालु मारेको थिएँ। त्यो ठिक पछाडि त्यहि पहाडको टुप्पोमा थियो।" र मैले भने, "अब, म एउटा ठूलो हरिण पाउने छु र हामीले केहि भालु पाउनेछौ," र मैले भने, "हामीले हाम्रो जाडोको मासु ल्याउनेछौ।" ठिक छ, त्यो राम्रो सुनिन्छ, तपाईलाई थाहा छ। (र हामीले जामुन टिप्यौ, र त्यो जाडोको लागि—हाम्रो कोइला पायौ; र त्यसैले त्यसलाई बिल्लीले बेच्यो, र मैले गस्ती गरीसके पछि मैडा र मैले साँझमा टिप्यौ।) त्यसैले तब मैले—मैले भने, "ठिक छ, म मेरो राईफल टिप्न जाँदैछु, म यहाँ तल जाँदैछु।" मैले भने, "त्यहाँ धेरै मृगहरु छन्, म एउटा ल्याउनेछु।" र मैले भने, "तिमीलाई थाहा छ," मैले बहने, "तब म उसलाई लिनेछु।" र मैले भने, "हामी...म केहि समयमा फर्कि आउनेछु।"

उनले भनिन्, "हुन्छ।"

117 त्यसैले, जब मैले शुरू गरे, यो एक प्रकारले कम थियो। र तपाई मध्ये जो कोहि न्यु ह्याम्सहायर मानिसहरु, र माथि त्यहाँ न्यु इंग्ल्याण्डमा, भएकाहरुलाई थाहा छ कि यो कुहिरो आउँदा के हुन्छ भने, वा पहाडहरुमा अरु कतै, तपाई कहाँ हुनुहुन्छ थाहा छैन। यति नै हो। तपाईले आफ्नो अगाडिको हात देख्न सक्नुहुन्न। त्यसैले तब मैले तलबाट शुरू गरे—थोरै काटेर, जस्तै, तल आउने, र रिजको पार पुगे अनि माथि आए। र मैले एउटा

प्यान्थरलाई देखे, तपाईको देशको यो भागले त्यो भनि बोलाउनुहुन्छ। हामीले यसलाई, पश्चिममा, एउटा कूगर भन्छौ। तिनीहरुले यसलाई यो भन्छन्, त्यहाँ माथि, एउटा पहाडको सिंह। यो सबै एकै थरीका जनावर हुन्। यो एउटा पुमा हो, वास्तवमा यो के हो। कुनै बिरालो, लगभग नौ–फूट लामो, वजन लगभग एक सय पचास, दुई सय पाउण्ड। उसले सडक पार गर्यो, र मैले बन्दुक चाडै नै तेर्साए, उसलाई गोली हान्नको लागि त्यति छिट्टो थिएन।

118 ठिक छ, म पहाडमा चिप्लिए, कूगरलाई लखाट्ने क्रममा, ऊ चलेको ठाउँमा पातहरु हेर्दै, तपाईलाई थाहा छ। मैले उसलाई सुन्न सक्थे। उसको चाटवटा खुट्टा थियो। मलाई ऊ दुई–फूटको जनावर होइन भन्ने थाहा थियो, जसको चार चाटवटा खुट्टा थियो। र ऊ मृग होइन भन्ने मलाई थाहा थियो, किनकि एउटा मृगले खुट्टा घसिटेर चल्छ। र ऊ सजिलै चिप्लिन्छ, बिरालो, तपाईलाई थाहा छ, त्यसरी। र भालुले हिड्दा आफ्नो खुट्टा घुमाउछ। र त्यसैले मैले यो कूगर हुन पर्छ भनेर थाहा पाए। र ऊ एउटा काठको पछाडि थियो र मैले त्यसलाई देखिन, एक झलक नपाउन्जेलसम्म, त्यसपछि त्यो गयो।

119 र मैले हेरे कि उसले पातहरु कहाँ हल्लायो, तपाईलाई थाहा छ, माथि पहाडको टुप्पोमा, र यसरी तल, र मैले त्यो बादल हरेक पटक आईरहेको हेरिन, तपाईलाई थाहा छ, कुहिरो तल आईरहेको। म तल ओर्ले, ठूलो उपत्यकाबाट तल गए र तल जायन्ट्ससम्म, कूगरलाई पछ्याउदै पुगे। मैले सोचे, “म उसलाई केहि समय पछि समात्नेछु।” मैले एउटा ठाउँ हेरे, र म उच्च ठाउँमा दौडिने थिए, र त्यसरी जतातते हेरे, र वरिपरी हेरे, उसलाई देख्छु कि भनेर हेरे; ध्यान दिएर सुने, अनि तल आए, फेरी तल ओर्ले। तपाईले ब्रस ठोक्कीदै गएको हेर्न सक्नुहुन्थ्यो, मभन्दा धेरै अगाडि, जसरी बाहिर जान्छ। हेर्नुहोस्, उसले रूखलाई हानिरहेको थियो ताकी मैले उसलाई पछ्याउन नसकू। हेर्नुहोस्, ऊ बाठो भयो, माथि रूखमा गयो र रूख देखि रूखमा उफ्रिदै गयो। तब उसलाई मैले त्यहाँ लखाँट्न सक्दिन भन्ने थाहा थियो। ओ, मैले सोचे, “ओ, जसरी पनि!”

120 र मैले फर्केर घाटीतिर गए, र मैले एउटा भालु, एउटा बुढो नर भालुलाई फुके। मैले सोचे, “म उसलाई अब पक्रनेछु, केटा, त्यो राम्रो छ!” मैले फेरी झोंक दिए, र म अलिकति टाढा पुगे, र मैले सबैथरीको चिन्हहरु र सबैकुरा

हेरे। मैले एउटा कुरा पनि हेर्न सकिन; तल फर्किए, र फर्केर डाँडाको अर्को पट्टि तल गए। र त्यसपछि याद गर्न थाले, थोरै कुहिरो भईरहेको थियो। र मैले फेरी झोंक मारे, ऊ हावामा कतै थियो। मैले भने, “होइन। अब, के भयो, हावा *यो* बाटो आउँदै थियो, र म आउछु...भालुको चहलपहल यसरी तल *त्यो* बाटो आउछ, र म अहिe चारैतिर पार गरेको छु र हावा यो अर्को दिशाबाट आउदैछ। त्यसैले म फर्केर त्यहाँ जना पर्ने थियो जहाँ मैले भालुको गन्ध पहिलो पटक सुंघे, र त्यहाँबाट लिएर जानुपर्छ।”

121 र म फर्किने बेलामा बाटोमा, मैले घाटीको पारी हेरे, मैले झाडीहरु चालिरहेको देखे, र जब मैले देखे, केहि कालो कुरा चल्यो। मैले सोचे, “त्यहाँ यो छ।” मैले बन्दुकमा खोल फ्याँके, एकदम छिट्टो, र स्थिर भएर उभिए। र, जब यसले गर्यो, यो एउटा महान ठूलो हरिण थियो, महान ठूलोवाला। मैले सोचे, “मैले चाहेको मात्र यहि नै, जसरी पनि।” हरिणलाई गोली हाने।

122 मैले सोचे, “ठिक छ!” मैले कहिल्यै याद गरिन कि यो एक प्रकारले... मैले उसलाई मिलाएको समयमा, हेरे...मैले मेरो हात सफा गरे अनि चक्कु तयार गरे, फर्काएर राखे। र मैले सोचे, “परमेश्वरलाई महिमा होस्! तपाईलाई धन्यवाद, प्रभु येशू, तपाईले मलाई मेरो चिसोयामको मासु दिनुभयो। परमेश्वरलाई प्रशंसा होस्!” र मैले मेरो बन्दुक पाए। मैले सोचे, “म अहिले यहाँ घाटीको पछाडि जानेछु।” मैले भने, “यहाँ हेर, केटा, बतास आईरहेको छ। म यहाँबाट निस्केको राम्रो हुन्छ र फर्केर मेडा र तिनीहरुकहाँ जानु बेस हुन्छ।” मैले भने, “मैले चाडो गर्नुपर्छ।”

123 माथि घाटीमा म गए, मेरो ठूलो रातो कोटको टाँक खोले, र म घाटीको माथि *यसरी* दौडिरहेको थिएँ, चारैतिर। पहिलो कुरा तपाईलाई थाहा छ, मैले सोचे, “मेरो, मैले कहाँनिर बन्द गरे?” बतास घटिसकेको थियो, रूखहरु एकसाथ लडिरहेको थियो। मैले सोचे, “मैले कहाँनिर बन्द गरे?” म चारैतिर गए। म—मलाई थाहा थियो कि म ठिक सिधै हुरिकेन डाँडामा गईरहेको थिए। तर म रोकिन पुगे, र म पसिना–पसिना भएको थिए, मैले सोचे, “यहाँ के भयो? म आधी घण्टा भईसक्योगएको, वा तिन चौथाई, र मैले बन्द गरेको ठाउँ नै भेट्टाउनै सक्दिन।” मैले माथि हेरे, र त्यहाँ मेरो मृग झुण्डिरहेको थियो। म ठिक उही ठाउँमा थिए। मैले सोचे, “ठिक छ, मैले के गरे?”

124 ठिक छ, मैले फेरी उतारे। मैले सोचे, “यो पाली म पूरा गर्छु, मैले केवल याद गरिरहेको थिईन।” मैले जताततै हरेक साना चाल हेरे, हेर्दै थिए। मैले खोजेको, खोजेकै, खोजिरहे। ती बादलहरु आउदै थियो, सडकमा हिमबतास छ मलाई थाहा छ, कुहिरो तलसम्म थियो, अनि तब मैले ध्यान दिन थाले। मैले सोचे, “म थप अगाडि जानेछु,” अगाडि, अगाडि, अगाडि, अगाडि, अगाडि, अगाडि, अगाडि गए। र मैले सोचे, “ठिक छ, यो अनौठो छ, मैले यो ठाउँ पहिले देखेको जस्तो देखिन्छ।” र मैले भने, र त्यहाँ मेरो मृग झुण्डिरहेको थियो। बुझ्नुभयो?

125 म केमा थिए तपाईलाई थाहा छ? इन्डियनहरुले यसलाई “मृत्युको पैदल यात्रा” भन्छन्। हेर्नुहोस्, तपाई गोलाकारमा हिडिरहनुभएको छ, घुम्दै र वरिपरी। ठिक छ, मैले सोचे म हराउनको लागि एकदम राम्रो मार्गदर्शक छु। हेर्नुहोस्, मलाई जंगलमा कसैले भन्नुपर्दैन, मैले मेरो बाटो जानेको थिए। बुझ्नुभयो?

126 र मैले फेरी शूरू गरे। मैले भने, “म यो गल्ती गर्न सक्दिन।” र म फेरी फर्कन्छु।

127 म घाटीको सानो टुक्रामा सरे, तब यो उड्न थालेको थियो। ओ, मेरो, जताततै हिउँ! लगभग अन्धकारतिर थियो। र मलाई थाहा थियो के मेडा त्यो रात उजाडस्थानमा मर्नेछिन्, उनलाई आफ्नो ख्याल राख्न आउदैन थियो। अनि बिल्ली लगभग चार वर्षको थियो, तिन वर्षको, केवल सानो बच्चा। र मैले सोचे, “तिनीहरुले के गर्नेछन्?” ठिक छ, म यति टाढा उठे र मैले केहि काईमा हाने, मलाई सोचे, “म कुनै समतल जमिनमा छु कतै, र मैले केहि पनि देख्न सकिन, यो सबै कुहिरोले ढाकेको छ।” म अहिले चारैतिर जाँदै थिए।

128 सामान्यतया, मैले आफ्नो लागि नै ठाउँ पत्ता लाउथे र बस्थे, यदि मसँग कोहि सँगै हुन्थ्यो भने। म त्यहि बस्थे र बतास समाप्त नभएसम्म त्यहि बस्थे, एक दिन वा दुई, अनि बाहिर निस्किन्थे। मेरो मृगको भाग काटे...मेरो पछाडि, भित्र गए, खाए, र यसको बारेमा बिर्सिए। तर तपाईले त्यो गर्न सक्नुहुन्न, र तपाईको श्रीमती र बच्चा त्यहाँ माथि जंगलमा, नाश हुँदैछन्। बुझ्नुभयो?

129 त्यसैले मैले सोच्न थाले, “मैले के गर्न सक्छु?” त्यसैले म अलिकति टाढा गए। र मैले सोचे, “अब, पर्ख। जब मैले यतो पहिलो उपत्यका पार

गरे, बतास मेरो अनुहारमा थियो, त्यसैले म यो बाटो आएको हुनुपर्छ। म यो बाटो आउनुपर्छ।" र म धेरै तल जायन्ट्समा भौतारी रहेको थिए, तर मलाई म कहाँ थिए भन्ने थाहा थिएन। मैले भने, "ओ!" म आत्तिन थाले। र मैले सोचे, "एक मिनेट पर्ख, बिल, तिमी हराएको छैनौ," मैले आफैलाई ढोका दिन खोज्दै थिए। तैले यसलाई भ्रम पार्न सक्दैनस्। होइन, होइन। त्यो तपाईको भित्रि अन्तस्करणले तपाई गलत हुनुहुन्छ भनि भन्दछ।

130 ओ, तपाई—तपाईले भन्न खोज्नुहुन्छ, "ओ, म बाँचेको छु, म मण्डलीमा जान्छु।" चिन्ता नलिउ, तिमी त्यो मृत्युको ओछ्यानमा नगएसम्म पर्ख, र तब तपाईले यो भिन्न छ भनि थाहा पाउनुहुनेछ। तपाईको अन्तस्करणले तपाईलाई भन्छ। तपाई भित्रको केहि कुराले तपाईलाई तपाई गलत हुनुहुन्छ भनि भन्दछ। बुझ्नुभयो? तपाईलाई थाहा हुन्छ कि यदि तपाई मर्नुभयो भने तपाईले एउटा पवित्र परमेश्वरलाई भेट्न सक्नुहुन्न। जसरी हामीले उहाँलाई गत राती हेर्यौं, यहाँसम्म कि पवित्र स्वर्गदूतहरुले समेत उहाँको सामू उभिनको लागि आफ्नो मुहार घुम्टोले ढाक्नुपर्छ। तपाई कसरी येशू ख्रीष्टको रगतको बाहिर घुम्टोले ढाक्नको लागि उभिनुहुनेछ?

131 मैले सोचे, "ओ, म सफल हुनेछु।" मैले शुरू गरे। र मैले केहि कुरा सुनिरहेको थाहा पाए। तब म आत्तिए। र मैले सोचे, "अब, यदि तिमीले यो गर्यौं भने, म टुक्रा–टुक्रा हुन जानेछु।" त्यो सामान्यतया हराएको एउटा मानिसले गर्छ, ऊ जंगलमा टुक्रा–टुक्रा भएर जान्छ। त्यसपछि उसले आफ्नो बन्दुक लिन्छ, आफैलाई गोली हान्छ; वा खाडलमा खस्छ र आफ्नो खुट्टा भाच्छ, र त्यहाँ ऊ बस्छ, त्यहि ऊ मर्नेछ। त्यसैले मैले सोचे, "म के गर्न जानेछु?" त्यसैले म हिड्न थाले।

132 र मैले केहिले भनेको सुनिरहेको, "म संकष्टको बेलामा वर्तमानको सहायता हुँ।" म केवल हिडिरहे।

133 मैले सोचे, "अब, मलाई थाहा छ म थोरै टेडो गईरहेको छु, मैले मसँग बोलेको आवाज सुन्दैछु।" म अगाडि बढिरहे। म "*ह्यु, ह्यु, ह्यु,*" सिट्टी बजाउदै गए, तपाई जान्नुहुन्छ। मैले सोचे, "अब, म हराएको छैन। तिमी कहाँ छ तिमीलाई थाहा छ, केटा! तिमीलाई के भयो? तिमी हराउन सक्दैनौ। तिमी—तिमी एकदम राम्रो शिकारी हौ, तिमी हराउन सक्दैनौ।" आफैमा घमण्ड गर्ने, तपाईलाई थाहा छ, आफैले आफैलाई भ्रमित पार्दै।

134 तपाईले यसलाई धोका दिनसक्नुहुन्न। तल *यहाँ* एउटा सानो पाङ्ग्रा घुमिरहेको छ, भन्दैछ, “केटा, तिमी हराएको छौ र तिमीलाई यो थाहा छ। हेर, तिमी हराएको छौ।”

135 म अघि बढि नै रहे। “ओ, म हराएको छैन! म ठिक हुनेछु। म आफ्नो बाटो पत्ता लगाउनेछु।” चिजहरु हास्यास्पद देखिन थाल्यो, हावा बन्द हुन्छ। हिउँ उड्न थाल्छ, सानो डल्लो हिउँ जस्तो, हामीले यसलाई “तल थुक्दै” भन्छौ। मैले सोचे, “एउटा श्रीमती र बच्चा! म होइन...” मैले सोचे, “ओ, मेरो!”

136 सिधै मैले फेरी सुने, भने, “म संकटको समयमा वर्तमान सहायता हुँ।” र त्यसबेला म सुसमाचारको एउटा सेवक थिए, ठिक यहाँनिर मण्डलीमा प्रचार गरिरहेको हुन्थे।

137 त्यसैले मैले सोचे, “ठिक छ, मैले के गर्न सक्छु?” म रोकिए, जताततै हेरे, र अब त्यहाँ पहिले नै कुहिरो झरिसकेको थियो। म...त्यहि नै थियो। तब केहि पनि गर्न सकिदैन थियो। मैले सोचे, “ओ, मैले के गर्न सक्छु?” मैले सोचे, “श्रीमान, म जिउनको लागि योग्य छैन, मसँग धेरै नै आत्मविश्वास भयो। मैले म एउटा शिकारी हुँ भनि सोचे, तर म होइन रहेछु।”

138 र, भाई, मैले सधै उहाँलाई भरोसा गरे। गोली हान्दै, मैले त्यहाँ रेकर्डहरु राखे। र एउटा मछुवा, म कमजोर रहेछु, तर मैले सधै उहाँलाई भरोसा गरे। गोली हान्ने, म कमजोर हान्ने रहेछु, तर उहाँले मलाई विश्व किर्तिमान राख्ने बनाउनुभयो। बुझ्नुभयो? मृगलाई हाने, सात, आठ सय यार्डबाट। एउटा पनि सट नचुकाई बन्दुक लिएर त्यहाँ खेलको पैतिस शिर मरे। केवल जहाँकहिँ पनि त्यो पढ्नुहोस्, यदि तपाई सक्नुहुन्छ भने। बुझ्नुभयो? म होइन, उहाँ हो। मैले उहाँलाई भरोसा गरे।

त्यहाँ म थिए, मैले सोचे, “मैले के गर्न सक्छु? मैले के गर्न सक्छु?”

139 मैले राखे...त्यो नजिक, नजिक हुँदै थियो, “म संकटको बेलामा वर्तमान सहायता हुँ, तत्काल मद्दत।”

140 मैले सोचे, “के यो परमेश्वर मसँग बोल्दै हुनुहुन्छ?” मैले मेरो टोपी फुकाले। मसँग मेरो गस्तीको टोपी थियो, त्यसको वरिपरी रातो रुमाल बानिएको थियो। मैले यसलाई तल राखे। मेरो कोट फुकाले, त्यो ओसिलो थियो। अनि मैले मेरो कोट तल राखे, मेरो बन्दुक रूखको एक छेउमा राखे। मैले भने, “स्वर्गीय पिता, म अब आफूभन्दा पर पुग्दैछु, मसँग बोलिरहेको

एउटा आवाज म सुन्दैछु। के त्यो तपाई हुनुहुन्छ?” मैले भने, “प्रभु, म तपाईसँग यो स्वीकार गर्न जाँदैछु कि म कुनै शिकारी होइन। म होइन, म—मैले मेरो बाटो पत्ता लगाउन सकेको छैन। तपाईले मलाई मद्दत गर्नुपर्छ। म जिउनको लागि योग्य छैन, मैले गरेका कामहरु गरिरहेर, यहाँ आएर सोच्दै कि म हराउन सक्दिन किनकि मलाई यसको बारेमा धेरै थाहा छ। मलाई तपाई चाहिन्छ, प्रभु। मेरी श्रीमती एउटा असल महिला हुन्। मेरो बच्चा, मेरो सानो केटा, उनको आमा गईसकेकी छिन्, र उनी उसको लागी आमा बन्न खोज्दै छिन्, र मैले उनलाई भर्खरै बिहे गरेको छु। र यहाँ उनी छिन्, एउटा बच्चा, त्यहाँ जंगलमा, तिनीहरु दुवैजना आज राती मर्छन्। त्यो बतास, यो शून्य भन्दा तल दशमा झर्छ, र तिनीहरु कसरी बाँच्ने थाह पाउनेछैनन्। तिनीहरु आज राती मर्नेछन्। तिनीहरुलाई मर्न नदिनुहोस्, परमेश्वर। मलाई तिनीहरु कहाँ लानुहोस्, ताकी म तिनीहरु मर्दैनन् भनेर देख्न सकूँ। म हराएको छु! म हराएको छु, परमेश्वर! म—म वरिपरी मेरो बाटो फेला पार्न सक्दिन। तपाईले मलाई कृपया सहायता गर्नुहुन्न? र मलाई मेरो आत्म–केन्द्रित तरिकाको लागि क्षमा दिनुहोस्! म तपाई बिना केहि पनि गर्न सक्दिन, तपाई मेरो मार्गदर्शक हुनुहुन्छ। तपाईले मलाई मद्दत गर्नुहोस्, प्रभु।”

141 म माथि उठे, र मैले भने, “आमेन।” मेरो रूमाल टिपे; मेरो कोट, टिपे; टोपी फेरी लगाए; मेरो बन्दुक लिए। मैले भने, “अब म आफूलाई सक्केको राम्रो तरिकामा ठिक गर्नेछु जुन मलाई थाहा छ, मेरो समझको उत्तम तरिकामा; अनि म ठिक एक बाटो सिधा जानेछु, किनकि म कतै गोलो बाटो हिडिरहेको छु, मलाई थाहा छैन कता। तर म तपाईले भन्नुभएको बाटो जानेछु, प्रभु परमेश्वर, मेरो मार्गदर्शक।”

142 म *यो* बाटो हिड्न थाले। मैले भने, “यहि नै हो, र मैले आफैलाई विश्वास गर्ने बनाउनुपर्छ। म *यो* बाटो जाँदैछु। म सिधा *यो* बाटो जाँदैछु। म फरक हुनेछैन, म *यो* बाटो जाँदैछु। मलाई थाहा छ म सहि छु। म *यो* बाटो जाँदैछु।” यदि म त्यो बाटो गएको भए, म पारी क्यानडा तिर गएको हुने थिए। बुझ्नुभयो?

143 त्यसैबेला केहि कुराले मेरो काँधमा छोएको जस्तो मैले महसूस गरे, एउटा हात, यो मानिसको हात जस्तो थियो, त्यसैले, म हेर्नको लागि झट्टै फर्किएँ। त्यहाँ कोहि पनि उभेको थिएन। मैले सोचे, “त्यो के थियो?” यहाँ

मेरो अगाडि बाईबल राखिएको छ। परमेश्वर, मेरो मार्गदर्शक र न्यायकर्ता, यहाँ उभिरहनु भएको छ। मैले केवल माथि हेरे। र ठिक पछाडि *यो* बाटो, त्यो कुहिरो सफा भयो कि मैले हुरिकेन पहाडको टुप्पोमा स्तम्भ देख्न सके। यसबाट सिधै टाढा जाँदै, मेरो शिकारको उत्तम क्षमताले, म त्यो बाट टाढा जाँदैथिए, त्यसबेलाको साँझमा एकदम ढिलो भएको थिए। म झट्टै फर्किए, आफूलाई *यसरी* निर्देश गर्दै। मैले मेरो टोपी समाते अनि मेरो हात उठाए, मैले भने, "मलाई पारी मार्ग निर्देश गर्नुहोस्, परमेश्वर, तपाई मेरो मार्ग दर्शक हुनुहुन्छ।"

144 मैले शुरू गरे। मलाई सिधा भ्रमहरु र त्यहाँका सबैकुराको सिधा माथि जानुपर्थ्यो, पछि पछि जानुपर्थ्यो। त्यसपछि यो अँध्यारो भयो। मेरो अगाडि मृग मेरो अगाडि उफ्रिरहेको थियो, र सबैकुरा। मैले आफूलाई एकै बाटोमा राख्ने बाहेक अरु सोच्न सकिन, ठिक माथि यो पहाडमा।

145 र मलाई थाहा छ यदि म त्यो स्तम्भसम्म पुग्न सके, श्रीमान. डेन्टन र म...मैले स्प्रिंगसम्म लाईन लगाउन मद्दत गरे। हामी हुरिकेट डाँडाबाट टेलीफोनको तार ट्याक गर्यौं, लगभग साढे तिन वा चार मिल तल, ठिक तल शिविरमा। र यो एक सानो ट्रेलको तल गयो, तर, त्यहाँ भएको हिउँ, तपाईले ट्रेल भन्न सक्नुहुन्न। बुझ्नुभयो? र हावा चलिरहेको र सबैकुरा भईरहेको तिह्यो, यो अँध्यारो र हिमपात थियो, जाँदै, तपाई कहाँ हुनुहुन्थ्यो त्यो भन्न सक्नुहुन्न थियो। ठिक छ, मैले गर्न जानेको एक मात्रै कुरा, यो अँध्यारो भएपछि, र मलाई थाहा थिएन...मलाई थाहा छ म एउटा बाटो गईरहेको थियो, र ठिक माथि डाँडामा जाँदै थिए। किनकि म माथि डाँडा जानुपर्थ्यो, र स्तम्भ ठिक डाँडाको माथि राखिएको थियो, र म त्यहाँ पुग्न लगभग ६ मिल जानुपर्थ्यो। केवल सोच्नुहोस्, कुहिरो साफ हुँदैथियो, छ मिल, केवल एउटा दुलो, जबसम्म देख्न सक्थे।

146 र त्यसपछि म—मैले *यो* हातमा राईफल समात्थे, र *यो* हात माथि राख्थे, किनकि मैले रूखमा तार जडान गरेको थियो—जुन यसरी ताजला गएको थियो, टेलीफोनको तार क्याबिनसम्म लगेको थियो, ताकी उहाँले आफ्नी श्रीमतीसँग कुरा गर्न सक्नुहुन्थ्यो, र त्यसपछि त्यहाँबाट बोलाउन सक्नुहुन्थ्यो। र म उहाँलाई त्यो पतन तल लिन मद्दत गर्न गईरहेको थिए। अनि मैले मेरो हात *यसरी* उठाए, यसो भन्दै, "ओ परमेश्वर, मलाई त्यो तार छुन दिनुहोस्।" हिडे, र मेरो पाखुरा धेरै दुखाई, थकित हुन्थ्यो,

मैले यसलाई थाम्न सक्दिन थिए, र मैले यसलाई तल झर्न दिनुपर्यो। र मैले बन्दुक परिवर्तन गर्थे अनि *त्यसमा* राख्थे; केहि कदम पछाडि सार्थे ताकी यो नछुटाउ भनेर निश्चित हुनलाई त्यसो गर्थे, त्यसपछि मेरो हात उठाउथे, हिड्न शुरू गर्थे, हिड्थे। ढिलो भईसकेको थियो, अँध्यारो, हावा चल्दैथियो। ओ, मेरो पातको भाग समाउथे, मैले भन्थे, "यहि नै हो! होइन, यो होइन।" ओ, यसले दिन्छ...यसले अनिश्चित आवाज दिन नदेउ।

147 केहि समय पछि, जब मैले हार मान्ने स्थितिमा भए, मेरो हातले केहि कुरामा ठोक्यो। ओ, मेरो! म हराएको बेला, म भेटिए। मैले त्यो तार समाते। मैले राईफल तल झारे, मेरो शिरबाट टोपी उतारे, र त्यहाँ उभिए। मैले भने, "ओ परमेश्वर, जब म हराएको बेलामा, भेट्टाईनु यो कस्तो अनुभूति हो।" मैले भने, "यो तारको ठिक अन्त्यमा, म यसलाई कहिले पहिलो खुकुलो पार्ने छैन। म यो तारमा समाउनेछु। यसले मलाई सिधा त्यहाँ मार्गनिर्देश गर्नेछ जहाँ यस पृथ्वीमा सबै मलाई प्रिय छन्, त्यहाँ तल। मेरी श्रीमती र बच्चा, पागलपनमा, म कहाँ छु थाहा नपाई बसेका छन्, एउटा आगो कसरी बनाउने समेत जान्दैनन्, के गर्ने थाहा छैन, र हावा चलिरहेको छ, र पातहरु हल्लिदै रुखबाट तल खसिरहेका छन्।" मैले त्यो तारलाई छोड्ने हिम्मत गर्न सकिन। मैले त्यो तारलाई तबसम्म समाते जबसम्म यसले मलाई पृथ्वीमा मेरो सबैभन्दा प्यारो भएको ठाउँमा डोर्याएन।

148 त्यो भयानक अनुभव थियो, र मेरो बाटो पत्ता लगाउनु महान अनुभव थियो, तर त्यो यसको आधा पनि थिएन। एकदिन म पापमा हराएको थिएँ। म मण्डली पछि चहार्दै पुगे, केहि कुरा खोज्ने प्रयासमा। म सेभेन्थ–डे एड्भेन्टिस्टमा गए, तिनीहरुले मलाई भने, "शबाथ राख्नुहोस्, मासु खाना बन्द गर्नुहोस्।" म पारी ब्याप्टिष्ट मण्डलीमा गए, पहिलो ब्याप्टिष्ट मण्डली, उहाँले भन्नुभयो, "केवल उधेरा तिनीहरुलाई भन्नुहोस् कि तपाईले येशू ख्रीष्टलाई परमेश्वरको पुत्र हुनुहुन्छ भनि विश्वास गर्नुहुन्छ, अनि म तपाईलाई बप्तिष्मा दिनेछु, त्यति भए पुग्छ।" त्यहाँ केहि पनि थिएन। तर एक दिन, बाहिर सानो कोईला झुपडीमा, मैले मेरो हात उठाए, मैले केहि कुरा समाते;वा, म भन्न सक्छु, केहि कुराले मलाई थाम्यो। त्यो जीवनरेखा थियो, मार्गदर्शक। र उहाँले मलाई यति टाढा सुरक्षित ल्याउनुभयो, म त्यो तारबाट मेरो हात निकाल्नेछैन। म उहाँलाई मेरो हात समातिरहेको छु। धर्म, संगठित मण्डलीले जे गर्न चाहन्छ तिनीहरुलाई गर्न दिऔ, म मार्गदर्शकलाई समातिरहेको छु। किनकि पृथ्वीमा र स्वर्गमा भएका सबैकुरा,

मेरो निम्ति यो तारको अन्तिममा, अमूल्य छ। उहाँले मलाई यति टाढासम्म सुरक्षित ल्याउनुभयो, म उहाँलाई बाकि बाटोमा भरोसा गर्नेछु। "जब उहाँ पवित्र आत्मा आउनुहुन्छ, उहाँले तिमीहरुलाई सबैमा डोर्याउने र अगुवाई गर्नुहुनेछ..."

149 मित्रहरु, यसले म आज जहाँ छु त्यहाँ ल्यायो। यसले मलाई म जो छु त्यो बनायो। मैले यसलाई तपाईमा खुसीसाथ परिचय गराउन सक्छु। यो एक मात्र मार्गदर्शकको जसको बारेमा मलाई थाहा छ, जो यहाँ पृथ्वीमा वा माथि त्यहाँ हुनुहुन्छ। म शिकारमा जाँदा उहाँ मेरो मार्गदर्शक हुनुहुन्छ। म माछा मार्न जाँदा उहाँ मेरो मार्गदर्शक हुनुहुन्छ। म कसैसँग बोल्दा उहाँ मेरो मार्ग दर्शक हुनुहुन्छ। मैले प्रचार गर्दा उहाँ मेरो मार्गदर्शक हुनुहुन्छ। म सुत्दा उहाँ मेरो मार्ग दर्शक हुनुहुन्छ।

150 र जब मर्न आउछु, उहाँ नदीमा उभिनुहुनेछ र उहाँले मलाई बाटोको पारी डोर्याउनुहुनेछ। "म कुनै दुष्टसँग डराउदिन, किनकि तपाई मेरो साथमा हुनुहुन्छ। तपाईको डण्डी र तपाईको लाठी, त्यसले मलाई सच्याउनेछ र मलाई नदीको पार मार्ग निर्देश गर्नेछ।"

आउनुहोस् हामी प्रार्थना गरौ।

151 स्वर्गिया पिता, म मार्गदर्शकको निम्ति अत्यन्त धन्यवादी छु, उहाँ जसले मलाई डोर्याउनुहुन्छ। ओ, कहिलेकाहि, पिता, मैले उहाँलाई सुन्न सक्दिन, म डराउँछु। मलाई उहाँ मेरो नजिक हुनुभएको चाहन्छु किनकि मलाई थाहा छैन कुन समयमा म नदीमा पार गर्नेछु। म उहाँ मेरो नजिक हुनुभएको चाहन्छु। मलाई कहिल्यै पनि नछोड्नुहोस्, प्रभु। म बोल्न सक्दिन, म प्रचार गर्न सक्दिन, म जंगलमा शिकार गर्न सक्दिन, म किनारमा माछा मार्न सक्दिन, म मेरो कार कुदाउन सक्दिन, त्यहाँ तपाई बिना मैले गर्न सक्ने केहि पनि छैन। तपाई मेरो मार्गदर्शक हुनुहुन्छ। आज राती यो मण्डलीलाई भन्न पाउँदा म कति धेरै खुसी छु, कसरी तपाईले मलाई यी सबैकुराहरुमा डोर्याउनुभयो, कसरी तपाईले मलाई ल्याउनुभयो!

152 अर्को दिन मैले सोचिरहेको थिएँ; केहि वर्ष अगाडि, यहाँ तल सडकमा उभिएर, र किनभने मेरो परिवारले गलत गरेको हुनाले, कोहि पनि मसँग बोल्दैन थिए। म संगतिको लागि एक्लो भएको थिए। कसैलाई मसँग कुनै सरोकार राख्नु थिएन। तिनीहरुले भने, "उसको बुवा रक्सी तस्कर हो।" र, प्रभुले, मसँग कोहि पनि नबोलेको देख्नुभयो। अनि म मानिसहरुलाई

प्रेम गर्छु। तर एकदिन जब मैले तार समाते! अब मलाई लाग्छ, प्रभु, म तल जानुपर्छ र अलिकति आराम गर्न जंगलमा जानुपर्छ। यो के? व्यक्तित्व होइन, शिक्षा होइन; मसँग कुनै पनि छैन। तर यो तपाई हुनुहुन्थ्यो, प्रभु। तपाई, प्रभु। तपाईले मलाई लक्ष्य शून्य गर्न दिनुभयो, तपाईले मलाई ठूलो माछा पक्रिन दिनुभयो, किनभने म यो गर्न चाहन्छु भन्ने तपाईलाई थाहा थियो। तपाईले मलाई पिताहरु र आमाहरु दिनुभयो। तपाईले मलाई दाजुभाईहरु र दिदीबहिनीहरु दिनुभयो। तपाईले मलाई मेरो स्वास्थ्य दिनुभयो। तपाईले मलाई एउटी श्रीमती दिनुभयो। तपाईले मलाई परिवार दिनुभयो। तपाई मेरो मार्गदर्शक हुनुहुन्छ, प्रभु। मलाई तपाईको हात समाउन दिनुहोस्, मलाई कहिल्यै खुकुलो हुन नदिनुहोस्। यदि एउटा हात थाक्यो भने, म हात परीवर्तन गर्नेछु। मलाई सहायता गर्नुहोस्, प्रभु।

153 र अब यहाँका प्रत्येकले त्यहि जीवनरेखालाई समातेका होऊन्, प्रभु, पवित्र आत्मा जो हाम्रो जीवन हुनुहुन्छ, जीवन–दिने श्रोत हुनुहुन्छ। र यसले हामी सबैलाई पारी त्यो सुखी भूमिमा डोर्याएको होस्, जहाँ जीवनको परिश्रम समाप्त हुन्छ र पृथ्वीमा हाम्रो काम पूरा हुन्छ, अनि त्यसपछि त्यहाँ बुढो उमेर हुनेछैन, कोहि कमजोर मानिस हुनेछैन, कुनै थकित रात हुनेछैन, रुने र प्रार्थना गर्ने हुनेछैन, कुनै वेदीको बोलावट हुनेछैन, तर हामी त्यहाँ सधैको लागि जवान हुनेछौ, रोग र शोक कहिल्यै हुनेछैन। त्यहाँ कुनै पाप हुनेछैन, र हामीहरु आउने युगहरु भरी परमेश्वरको धार्मिकतामा हुनेछौ, एउटा नरोकिने अनन्तकालभरी। यो प्रदान गर्नुहोस्, पिता।

154 र अब, पिता, त्यहाँ कोहि हुनुहुन्छ जसले त्यो जीवन रेखा कहिल्यै पनि समात्नुभएको छैन भने, तिनीहरुले ठिक अहिले पाउन सकून्। र पवित्र आत्मा जसले मलाई अगुवाई गर्नुभयो...र मैले मेरो हृदयबाट भन्न सक्छु, तपाईको वचनमा मेरो हातले, उहाँ सधै सहि हुनुहुन्छ। म धेरै पटक गाला छु। तर उहाँ सहि हुनुहुन्छ। उहाँलाई मसँगै बस्न दिनुहोस्, प्रभु। मलाई उहाँसँग बस्न दिनुहोस्। र यहाँ भएका अरुहरु, जसले आज राती उहाँलाई चिनेका छैनन्, तिनीहरुले उहाँको नबद्लिने हातलाई समातेका होऊन्, ताकी तिनीहरु डोर्याईएका होऊन्।

155 र कुनै दिन हामी नदीमा आउदैछौ। त्यो बिहान कुहिरो पनि, लाग्नेवाला छ। पुरानो समुन्द्र गर्जनेछ, पुरानो यर्दन, जोशिला तोड्नेहरु, हामीबाट मृत्युले जीवनलाई न्याक्दछ। तर, परमेश्वर, म—म डराउनेछैन। मैले यो

धेरै समय पहिले नै मिलाईसकेको छु। म केवल हेलमेट उतार्न चाहन्छु, एउटा योद्धाको रूपमा, फर्कनेछु, त्यो रेखाले मलाई कहाँ डोर्याएको छ भनेर हेर्नको लागि तलको बाटो हेर्दछु। म आएको सबै उजाडस्थानहरु भएर हेर्नेछु, र हरेक काँटाको झाडीहरु, र ढुङ्गाका हरेक थूप्राहरु जहाँ मैले चोट पाए, तर तारलाई समातेर। जसरी तपाईले भन्नुभयो, कविले गरे:

कोहि पानीबाट भएर, र कोहि बाढीबाट भएर,
कोहि गहिरा परिक्षाहरुबाट भएर, तर सबै रगतबाट
भएर।

र म *यो* लिन चाहन्छु, यहाँको पुरानो तरवार, जसले मलाई बाटोभरी बचायो, र यसको म्यानमा राख्नेछु, कराउछु, "पिता, यो बिहान पारी डुङ्गा पठाउनुहोस्, म घर आउदैछु।" तपाई त्यहाँ हुनुहुनेछ, प्रभु। तपाईले यो प्रतिज्ञा गर्नुभयो। तपाई असफल हुन सक्नुहुन्न।

156 अहिले यहाँ भएका सबैलाई आशिष दिनुहोस्। यदि तिनीहरुलाई यो रेखा कसरी समात्ने थाहा छैन, र यसलाई कहिल्यै पनि छोएका छैनन् भने, पवित्र हातहरु अहिले उठेका होऊन्, चाह गर्ने हातहरु, इच्छा राख्ने हातहरु, र जीवन रेखालाई छोएका होऊन् जसले तिनीहरुको हृदयका चाहनाहरु, सिद्ध शान्ति र सन्तुष्टिमा डोर्याउनुहुन्छ, ख्रीष्टमा विश्राम गर्न लैजान्छ।

157 हाम्रो शिरहरु झुकाएर, के त्यहाँ हात उठ्नेछ र भन्नेछ, "मलाई गर्नुहोस्। मेरो हात समात्नुहोस्"? ओ, परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्।

जब बाटो डरलाग्दो हुँदै जान्छ, अनमोल प्रभु, नजिक
रहनुहोस्,
जब मेरो जीवन लगभग जान्छ;
नदीनिर म खडा हुनेछु,
मेरो खुट्टालाई डोर्याउनुहोस्, मेरो हात समात्नुहोस्,
मेरो हात लिनुहोस्, अनमोल प्रभु, मलाई अगाडि
डोर्याउनुहोस्।

158 के त्यहाँ अर्को आफ्नो हात उचालेर, भन्नुहुन्छ, "प्रभु, म आज राती जीवन रेखाको छुवाईलाई अनुभूति गर्न चाहन्छु। म ख्रीष्टले मलाई मेरा पापहरुबाट क्षमा दिनुभएको महसूस गर्न चाहन्छु, र यस घडी उप्रान्त म

एउटा नयाँ सृष्टि बन्न चाहन्छु”? परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। के त्यहाँ अर्कोले भन्नुहुन्छ, “मलाई तपाई छुन दिनुहोस्। मैले आफैलाई त्याग्न सकूँ”? परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, दिदि। “मैले आफैलाई त्याग्न सकूँ, र यो पाउन सकूँ, प्रभु, तपाईमा।” परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। र परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। त्यो सहि हो। “मैले आफैलाई हराउन सकूँ, प्रभु। मैले आफूलाई भुल्न सकूँ।” परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, भाई। “मलाई…” परमेश्वरले तपाईलाई आशिष दिनुबहेको होस्, बहिनी। “मैले मेरा सबै ज्ञानहरु गुमाउन सकूँ।” परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, बहिनी। मानिसले निर्माण गरेका योजनाहरुमा भरोसा नगर्नुहोस्। मार्गदर्शकलाई पछ्याउनुहोस्, उहाँले तपाईलाई पूर्ण सत्यतामा डोर्याउनुहुन्छ। “मलाई डोर्याउनुहोस्, प्रभु येशू, मलाई डोर्याउनुहोस्।” त्यहाँ पछाडि परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। ओ, त्यहाँ मुक्ति चाहेर, धेरै हातहरु उठेका छन्। अब जब हामीहरु…

159 यहाँ वेदीमा, तपाईले वेदीलाई बोलाउन सक्नुहुन्न, किनकि मानिसहरु जतातते बसिरहेका छन्। तर उहाँ ठिक त्यहाँ हुनुहुन्छ। तपाईलाई राम्रो र असल थाहा छ, जब तपाईले आफ्नो हात उठाउनुभयो, केहि कुरा तपाईको हृदयमा भयो। येशूले भन्नुभयो, “जसले मेरो वचनहरु सुन्छ र मलाई पठाउनुहुने माथि विश्वास गर्छ, त्यसमा अनन्त जीवन छ।” तपाईको यो मतलब हो? त्यसो भए यहाँ पानीले भरेको पोखरी छ। त्यहाँ बप्तिष्माको लागि पर्याप्त समय हुनेछ। आउनुहोस् हामी प्रार्थना गरौँ।

160 हाम्रो स्वर्गीय पिता, यो सानो टुक्रिएको सन्देश आज राती जुन खर्रो आवाजले दिईयो, पवित्र आत्मा बाहिर कतै गएको हुनुपर्छ। यो जहाँ उदेश्य गरिएको थियो त्यहाँ गयो, र त्यहाँ धेरै छन्, प्रभु, आज राती, केहि पन्ध्र वा बिसजनाले आफ्नो हात उठाएका छन्, कि उनीहरुलाई मार्गदर्शक चाहिन्छ भनेर। तिनीहरुले आफैलाई मूर्ख बनाउन खोज्दै थिए भनि बोध गरेका छन्। तिनीहरुले भन्न खोजिरहेका छन् “म एकदम ठिक छु,” तल भित्री गहिराईमा तिनीहरुलाई थाहा छ तिनीहरु छैनन् भनि। र तिनीहरुले तपाईलाई महसूस गर्न चाहन्छन्, प्रभु। तिनीहरुले मार्गदर्शक चाहन्छन्। तिनीहरु जोडिन चाहन्छन्। तपाई कहिल्यै पनि अतिसंचय हुनुहुन्न। यो यात्राको लागि तिनीहरुजोडिन चाहन्छन्। तिनीहरु त्यहाँ कसरी पुग्ने भनि जान्दैनन्। कसैलाई थाहा छैन तिनीहरुलाई त्यहाँ कसरी लाने भनेर; तपाई मात्रै एक

हुनुहुन्छ। तिनीहरु परमेश्वरले प्रदान गर्नुभएको मार्गदर्शक, पवित्र आत्माको निम्ति आईरहेका छन्। तिनीहरुले आफ्ना हातहरु उठाएका छन्।

161 ओ पवित्र आत्मा र मार्गदर्शक, तिनीहरुमा तल आउनुहोस्। हरेक पापलाई क्षमा दिनुहोस्। तिनीहरुको अधर्महरुलाई क्षमा दिनुहोस्। आज राती तिनीहरुलाई ख्रीष्टको शरीरमा लानुहोस्, जहाँ तिनीहरुले परमेश्वरको बिजुली त्यो तारबाट बगिरहेको महसूस गर्न सकून् जसले तिनीहरुलाई तल यर्दनमा डोर्याउनुहुन्छ, र यर्दनबाट पारी प्रतिज्ञाको देशमा लादछ। तिनीहरु वचनको पछाडि सिधा पछ्याउन सकून्। वचनले भन्यो, "पश्चाताप गर, र येशू ख्रीष्टको नाममा बप्तिष्मा लेओ।" तिनीहरुले यो अर्को तरिकामा कोशिष नगरेका होऊन्। तिनीहरुले ठिक वचनको पछाडि पछ्याउन सकून्, किनकि उहाँ मात्रै एक हुनुहुन्छ जसले मार्ग निर्देश गर्नुहुन्छ। त्यो—त्यो हामीले मार्गदर्शकलाई नसमातेसम्मको लागि चढ्ने कदम हो। यसलाई प्रदान गर्नुहोस्, प्रभु। तिनीहरु तपाईको हुन सकेका होऊन्। अब तिनीहरु तपाईको हातमा छन्, एउटा ट्रफीको रूपमा, तिनीहरुलाई कसैले खोस्न सक्दैनन्। म विश्वास गर्छु कि तपाईले तिनीहरुलाई लिनुहुनेछ, एउटा बाचेका मानिसका रूपमा। म विश्वास गर्छु कि तिनीहरुले आफ्ना हातहरु उठाए, केहि कुराले तिनीहरुमा नबोलेसम्म तिनीहरुले यो गर्न सक्दैनन्। त्यो तपाई हुनुहुन्थ्यो, पवित्र आत्मा र मार्गदर्शक।

162 तिनीहरुले घडी भित्र आईरहेको देख्छन्, पृथ्वीमा कुहिरो आएरहेको छ, महान धर्महरु र—र चिजहरु सँगै एकतृत भईरहेका छन्, मण्डलीहरु एकजुट हुँदैछन्, एकसाथ आईरहेका छन्। र, ओ परमेश्वर, कसरी तिनीहरुले भन्न खोजिरहेका छन्, "सबैजना जसमा एउटा विशेषता छ त्यो यहाँ छोडेर अलास्का जानुपर्छ।" र यी सबै कुराहरु जुन तिनीहरुले धम्कि दिईरहेका छन्, यो हाम्रो लागि नयाँ होइन, महान मार्गदर्शकले हामीलाई वचनको मार्गमा देखाउनुभएको छ। हामीहरु केवल यसको भागबाट पार गरिरहेका छौ।

163 पिता परमेश्वर, तपाईले आज राती तिनीहरुसँग बोल्नुभयो, र अब म तिनीहरुलाई तपाईको अगाडि वचनको ट्रफीहरुको रूपमा दिदछु। येशूको नाममा।

164 अब, यहाँ डेस्कमा बसेर, पिता, यो रूमालहरु, यो बिमार मानिसहरुको लागि हो, केहि सङ बच्चा, शायद, केहि आमा, केहि दिदीबहिनी, केहि

दाजुभाई; यहाँसम्म कि साना कपाल अड्काउनेहरु पनि यहाँ अड्किएको छ। र अब म यो मेरो नजिक थाम्छु। अब, हामीलाई बाईबलमा सिकाईएको छ कि तिनीहरुले पावलको शरीरबाट रूमाल र कपडाहरु लिए, र रोगी मानिसहरु निको भए, मानिसहरुबाट असुद्ध आत्माहरु निक्ली गए। अब हामी जान्दछौ, प्रभु, पावल एक मानिस थिए, उनी केवल एक मानिस थिए। तर यो पवित्र आत्माको अभिषेक थियो जुन उनमा हुनुहुन्थ्यो जसले रूमालहरुलाई आशिष दिनुभयो, उनी तिनीहरुको प्रेरित हुन् भन्ने विश्वास मानिसहरुमा थियो। अब पावलहामीबाट लागिएको छ, तर मार्गदर्शक लगिनुभएको छैन, उहाँ अझै पनि यहाँ हुनुहुन्छ। र, परमेश्वर, यी रूमालहरुलाई तपाईले आशिष दिनुहुनेछ भनि म प्रार्थना गर्दछु, र मार्गदर्शकले तिनीहरुलाई त्यो स्थानमा लानुभएको होस्, जहाँ पूर्ण समर्पण छ।

165 हामीलाई फेरी पनि बताईएको छ कि जब इस्राएलले मार्गदर्शकलाई पछ्याए, र तिनीहरु ठिक तल यर्दनमा आए, ठिक तल (बरु) लाल समुन्द्रमा। ठिक कर्तव्यको सीमामा तिनीहरु रोकिए, अनि मार्गदर्शकले तिनीहरुलाई त्यहाँ तल अगुवाई गर्नुभयो। के? उहाँको महिमा देखाउनको निम्ति। र जब सबै आशा गयो, तब परमेश्वरले आगोको खामोद्वारा तल हेर्नुभयो, र यहाँसम्म कि पुरानो मृत समुन्द्र पनि डरायो अनि ऊ दुई भाग भयो, र त्यहाँ पारी प्रतिज्ञाको देशमा हिड्नको लागि इस्राएलको निम्ति एउटा मार्ग बनाईयो।

166 साच्चै, प्रभु, तपाई अझै पनि उही हुनुहुन्छ। यी मानिसहरु इसाई हुनसक्छन्, हुनसक्छन् तिनीहरु ठिक आफ्नो कर्तव्यको बाटोमा छन्, तर तिनीहरुलाई कुनाको ठाउँमा ल्याईएको छ जहाँ बिमारले तिनीहरुलाई कुनामा पारेको छ। आज राती येशूको रगतद्वारा तल हेर्नुहोस्, त्यो शैतान डराउनेछ, त्यो पछि हट्नेछ, र असल स्वास्थ्यको प्रतिज्ञाको देशमा तपाईका छोराछोरीहरु पार गर्नेछन्। यसलाई प्रदान गर्नुहोस्, पिता। म तिनीहरुलाई आफ्नो शरीरबाट तिनीहरुकोमा पठाउदछु, येशू ख्रीष्टको नाममा।

167 म यो मण्डलीलाई तपाईको अगाडि उठाउदछु, विश्वासद्वारा पारी स्वर्गमा परमेश्वरको महिमित वेदीमा म तिनीहरुलाई साहुल्याउछु। रोकका हरेक चाहनाहरु, जे केहि पनि तिनीहरुसँग छ जुन गलत छ,

तिनीहरुको जीवनमा जहाँसुकै गलत होस्, परमेश्वर, तिनीहरुलाई धुनुहोस्, तिनीहरुलाई तपाईको बनाउनुहोस्। तिनीहरुलाई निको पार्नुहोस्, पिता। र येशूलाई चिहानबाट उठाउने शक्ति, तिनीहरुको मरणशील शरीरलाई शक्ति दिनुभएको होस् र तिनीहरुलाई ख्रीष्टमा नयाँ सृष्टि बनाउनुभएको होस्। तपाईलाई सेवा गर्नको निम्ति तिनीहरुलाई असल स्वास्थ्य र सामर्थ्य दिनुहोस्।

168 मलाई सम्भनुहोस्, ओ प्रभु। म तपाईको सेवक हुँ। मलाई मद्दत गर्नुहोस्, प्रार्थनाको आवश्यकतामा उभिरहेको छु। र प्रार्थना गर्छु कि पवित्र आत्माले हामीलाई अगुवाई गर्नुहुनेछ र प्रयोग गर्नुहुनेछ, र येशू ख्रीष्टलाई उहाँको महिमाको आगमनको दिनसम्म आमनेसामने देख्ने दिनसम्म हामीलाई अगुवाई गर्नुहोस् जब हामीले उहाँलाई हावामा यर्प्चरमा भेट्छौ। येशू ख्रीष्टको नाममा हामी माग्दछौ। आमेन।

म उहाँलाई प्रेम गर्छ, म...(के तपाई गर्नुहुन्छ?)
किनभने उहाँले पहिले मलाई प्रेम गर्नुभयो
र मेरो मुक्ति किन्नुभयो
कलवरीको रुखमा।

169 अब, तपाईले देख्नुभएको एक अर्कालाई यदि तपाई प्रेम गर्नुहुन्न भने, कसरी तपाईले उहाँलाई प्रेम गर्न सक्नुहुन्छ जसलाई तपाईले देख्नुभएको छैन? अब जब हामी *म उहाँलाई प्रेम गर्छु* गाउछौ, आउनुहोस् हाम्रो छिमेकीलाई प्रेमको हार्दिक हात मिलाई दिनुहोस्।

म उहाँलाई प्रेम गर्छु...

परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्...?...परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्...?...परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्...?...परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, भाई नेभिल...?...अँ–ह। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्...?...

कलवरीको रुखमा।

अब आउनुहोस् उहाँमा हाम्रो हातहरु उठाऔ।

म उहाँलाई प्रेम गर्छु, म उहाँलाई प्रेम गर्छु
किनभने उहाँले पहिले मलाई प्रेम गर्नुभयो
र मेरो मुक्ति किन्नुभयो
कलवरीको रुखमा।

170 एउटा राम्रो गीतको लागि, के तपाई एउटा सुन्न चाहनुहुन्छ? म बुज्छु कि हामीसँग यहाँ इन्डियानापोलिसबाट प्रचार गीत अगुवा हुनुहुन्छ। मलाई विश्वास छ उहाँले क्याडल टेबरनेकलमा गाउनुहुन्छ। त्यो सहि हो? ठिक छ, श्रीमान। त्यो क्याडल टेबरनेकलमा उहाँको ठाउँ हो। कतिजनाले ई. होवार्ड क्याडललाई सम्भनुहुन्छ? ओ, मेरो! उहाँको अमूल्य प्राणलाई परमेश्वरले विश्राम दिनुभएको होस्। हावाको फिस्टे चार, एक महिला जसले गाउनुभएको सुन्न मलाई मन पर्छ, उहाँ भन्दा राम्रो गएको मैले मेरो जीवनमा कहिल्यै सुनेको छैन, उहाँ श्रीमती. क्याडल हुनुहन्छ, गाउँदै, "तिमीले यो बिहान आफ्नो कोठा छोड्यौ, आजको ढालको रुपमा, के तिमीले हाम्रो मुक्तिदाता ख्रीष्टको नाममा प्रार्थना गर्ने बारेमा सोच्यौ?"

171 ठिक सडकको पार त्यहाँ एक बिहान, एउटा पुरानो दुई–कोठे भुपडीमा, म उठे, भित्र गएर आगो बाल्नेवाला थिए। चुलो बलेन। र मैले यसलाई शुरू गर्न कोशिष गरे, अनि हावा आयो, त्यो कुरा मेरो अनुहारमा उडाउछ। र यो चिसो थियो, र म जम्न लागेको थिए। र भुँईमा जतातते शीत थियो, र नाङ्गो खुट्टा थिए; यो सानो पुरानो तिनको चुलो बाल्न कोशिष गर्दैथिए, त्यसमा सानो ओभनको पाईप थियो। र म बस...मेडा र म बिहे भएको भर्खरै थियो। र मैले कोशिष गर्दैथिए, पुरानो काठ चिसो थियो र बल्दैन थियो, र म त्यहाँ बसिरहेको थिए, मैले सोचे, "ओ, मेरो! म यो फेरी कोशिष गर्नेछु।" काममा जानुपर्थ्यो, र त्यो पुरानो चुलोलाई *त्यसरी* हम्काउदै थिएँ। र म त्यहाँ गए अनि रेडियो बाले, र उहाँले गाउन थाल्नुभयो, "तिमीले आज आफ्नो कोठा छोड्यौ, के प्रार्थना गर्ने विषयमा सोच्यौ," म बस भुइँमा लडे, "आजको ढालको रूपमा, ख्रीष्ट हाम्रो मुक्तिदाताको नाममा?" ओ, त्यस महिलालाई सुन्न म कति मन पराउछु!

172 कुनै बेला जब म नदीको पारी जान्छु, म विश्वास गर्छुकी म श्रीमती. क्याडललाई त्यहाँ सुन्नेछु। तपाईलाई थाहा छ, मैले सधै भेटघाटको समय बनाएको छु। नदीको यस तर्फ, यहाँ सदाबहार हरियाली रूख छ, तपाईलाई थाहा छ, जीवनको रूख, र नदीको अर्को पार, त्यहाँ स्वर्गदूतको गान भुण्ड छन् जसले दिन र रात गाउदछन्, किनकि त्यहाँ कुनै रात छैन, हरेक दिन गाउछन्, हेर्नुहोस्। म आफ्नो लागि ठाउँ बनाउछु र पछाडि बसेर यो सुन्छु। म विश्वास गर्छु कि म श्रीमती. क्याडललाई त्यहाँ गाउदै गरेको सुन्नेछु।

173 परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस् भाई। मैले उहाँको नाम

भुले। यो के हो, भाई? [भाईले भन्नुहुन्छ, "नेड वूलम्यान।"—सम्पा।] अब तपाईको लागि भाई नेड वूलम्यानले गाउनुहुनेछ। भाई वूलम्यान, तपाईलाई आज राती यहाँ पाउदा खुसी छु। [भाई वूलम्यानले गाउनुहुन्छ *मेरो हृदयको मन्दिर*।]

***एक मार्गदर्शक*** NEP62-1014E

(A Guide)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा आईतबार साँझ, अक्टुबर १४, १९६२, ब्रन्हाम टेबरनेकल जेफरसनभिल, इन्डियाना, यु.एस.ए., मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट–छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2023 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org